का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ साउन २०८१,
मंगलबार
13 August, 2024
Teusday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक १८२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सम्पत्ति देखाउन मान्दैनन् जनप्रतिनिधि

## ताकेता गर्दै अख्तियार

तीन वटै सरकारका जनप्रतिनिधिहरूको सम्पति सार्वजनिक नगरेकोतर्फ नजर लगाएको अख्तियारले सम्पति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न तीन वटै तहको सरकारलाई निर्देशन दिएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ साउन ।

निर्वाचित जनप्रतिनिधिले ६० दिनभित्र सम्पत्ति विवरण पेस गर्नुपर्ने कानूनी व्यवस्था छ । भष्ट्राचार निवारण ऐन २०५९ अनुसार निर्वाचित जनप्रतिनिधिले पदधारणा गरेको ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल-अचल सम्पत्ति विवरण बुझाउनुपर्ने हुन्छ ।

तर, यो कानूनी व्यवस्था कार्यान्वयन नभएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ)ले कानून कार्यान्वयनका लागि पहल लिएको छ ।

तीन वटै सरकारका जनप्रतिनिधिहरूको सम्पत्ति सार्वजनिक नगरेकोतर्फ नजर लगाएको अख्तियारले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तीन वटै तहको सरकारलाई निर्देशन दिएको हो ।

नेपाल सरकार, प्रदेश सरकारहरू र स्थानीय तहहरुलाई आयोगले सम्पत्ति विवरण पेस गर्नुपर्ने सहितका विषयमा चार वटा निर्देशन गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को सम्पत्ति विवरण फारमभरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारणा गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको 'सम्पत्ति विवरण अनुगमन प्रतिवेदन २०७९/८०' राष्ट्रिय सतर्कता केन्द्रले आयोगलाई उपलब्ध गराएको थियो ।

यो प्रतिवेदनमाथि आयोगले छलफल गरेर गत साउन दुई गते विभिन्न नीतिगत व्यवस्था गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरेको थियो ।

संघ, प्रदेश र स्थानीय तहले सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व सम्बन्धमा पर्याप्त जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निर्देशन दिएको छ ।

स्थानीय तहहरूलाई अनलाइन सफ्टवेयरमा सम्पत्ति विवरण सम्बन्धी तथ्यांक प्रविष्टि गर्ने कामलाई प्राथमिकता दिन समेत अख्तियारले निर्देशन दिएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका अनुसार यसअघि निर्वाचित जनप्रतिनिधिलाई पटक-पटकसम्म तोकेता गरिएको छ । २०७९ साल वैशाखमा सम्पन्न चुनावबाट निर्वाचित कतिपय जनप्रतिनिधिहरूले अझैसम्म सम्पत्ति विवरण बुझाएका छैनन् ।

स्थानीय सरकार सञ्चालन ऐनमा जनप्रतिनिधिले प्रत्येक वर्ष सम्पत्ति विवरण बुझाउनुपर्ने >>> पृष्ठ २ मा




## स्थानीय तहमा ३४ पद रिक्त

# उपनिर्वाचनको तयारीमा आयोग



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २८ साउन ।

देशभर स्थानीय तहमा ३४ जनप्रतिनिधिको पद रिक्त रहेको पाइएको छ । निर्वाचन आयोगका अनुसार एक स्थानीय तहका प्रमुखसहित ३४ जनप्रतिनधिको पद रिक्त भएको हो । जनप्रतिनधिकै पद रिक्त हुँदा ति स्थानीय तहको सेवा प्रवाह प्रभावित भएको छ ।

रिक्त रहेका पदमा उपनिर्वाचन गर्ने विषयमा निर्वाचन आयोगले पहल लिएको छ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियासहित आयुक्तहरूले सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर रिक्त पदमा आगामी मंसिर तेस्रो साता उपनिर्वाचन गर्नु उपयुक्त हुने सुझाएको छ ।

सिंहदरबारस्थितप्रधानमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा आयोगले कीर्तिपुर नगरपालिकाका प्रमुखसहित ३४ पद रिक्त रहेको जानकारी गराएको हो ।

स्थानीय तह २०७९ पछि आधा कार्यकाल पनि पूरा नहुँदै कतिपय निर्वाचित जनप्रतिनिधिको मृत्यु भएपछि पद रिक्त भएका हुन् । कतिपय विभिन्न मुद्दामा मुछिएर पदमुक्त भएपछि ७ सय ५३ पालिकामध्ये ३४ स्थानीय तहका जनप्रतिनिधिको पद रिक्त हुन पुगेको हो । स्थानीय तहका जनप्रतिनिधिहरूको पद नै रिक्त भएपछि विकास निर्माणको भुक्तानी तथा बजेट निकासा लगायतका काममा समस्या उत्पन्न भएका हुन् ।

निर्वाचन आयोगका अनुसार नगरपालिकाका प्रमुख एक जना, उपप्रमुख एक जना, गाउँपालिका अध्यक्ष दुई जना, उपाध्यक्ष दुई जना र वडाध्यक्ष २८ जनाको पद रिक्त छ ।

कुनै पालिकामा प्रमुख र उपप्रमुख दुवै जना पदमुक्त भएका छन् । त्यस्तो स्थानीय सरकारका कामकारबाही अघि बढाउन झन् समस्या भएको छ । प्रमुख र उपप्रमुख दुवै नहुँदा निर्णय लिनमा कानुनी जटिलतासमेत पैदा भएको छ ।

स्थानीय सरकारको कामकारबाही नै प्रभावित भएपछि निर्वाचन आयोगले उपनिर्वाचनको गृहकार्य अघि बढाएको छ । यसका लागि सोमबार प्रधानन्त्री ओलीलाई भेट्न आयोगका पदाधिकारी प्रधानमन्त्री तथा >>> पृष्ठ २ मा



हामीले आगामी मंसिर तेस्रो साता उपनिर्वाचन गर्न सकिने हाम्रो प्रस्ताव छ । निर्वाचन आयोगको प्रस्तावमा सरकार सकारात्मक रहेको पाएका छौं ।

**दिनेशकुमार थपलिया**
**प्रमुख आयुक्त, निर्वाचन आयोग**

## वैदेशिक रोजगार विशेष

# मलेसियामा विदेशी कामदारको खटनपटन अब गृह मन्त्रालयअन्तर्गत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन

मलेसियाको गृह मन्त्रालयले विदेशी कामदारको कोटा स्वीकृतिलगायतका अधिकार आफू माताहत लिएको छ । यसअघि त्यहाँको मानव संशाधन मन्त्रालयअन्तर्गत रहेको विदेशी कामदारको कोटा स्वीकृति गर्ने वैदेशिक श्रमिक व्यवस्थापन महाशाखा (बीपीपीए) खारेज गरी गृह मन्त्रालयमा हस्तान्तरण गरिएको छ ।

मलेसियाको मानव संशाधन मन्त्रालयले नयाँ व्यवस्था गत अगष्ट १ देखि लागू भएको जनाएको छ । मलेसियामा बीपीपीएले वान-स्टप सेन्टर अन्तर्गत विदेशी कामदारको कोटा र उनीहरूको भर्नाको नियमन गर्ने गरेको छ । त्यसअन्तर्गत फरेन वर्कर्स सेन्ट्रल म्यानेजमेन्ट सिष्टम ( एफडब्लूसीएमएस) पनि रहेको छ ।

यसअघि सन् २०२२ सम्म गृह मन्त्रालयले गरेको उक्त कार्यपछि मानव संशाधन मन्त्रालयअन्तर्गत ल्याइएको थियो । गत महिना गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले विदेशी कामदार व्यवस्थापन प्रणालीबारे दुई मन्त्रालयले मातहत इकाइ रहेको भन्दै असन्तुष्टि सार्वजनिक गरेका थिए ।

मलेसियाली संसदको सार्वजनिक लेखा समिति (पीएसी)ले पनि विदेशी कामदार भर्ना तथा नियन्त्रणको काममा ओभरल्यापिङ भएको सरकारी रकमको दुरुपयोग भएको प्रतिवेदन दिएको थियो । मलेसियामा भएको उक्त निर्णयले हाल रोकिएको विदेशी कामदारको कोटा स्वीकृति र भर्ना प्रक्रियामा सरलता आउने बताइएको छ ।

मलेसियामा विदेशी कामदारको कोटा स्वीकृतिको काम गृह मन्त्रालयअन्तर्गत राखिए पनि नयाँ विदेशी कामदार एप्रुभल खुलाउनेबारे पुरानो निर्णय यथावत रहेको छ । नयाँ विदेशी कामदार नजाँदा पुराना कामदारलाई करार अवधि सकिएपछि पनि सहजरूपमा स्वदेश फर्किन अनुमति दिन आनाकानी गर्ने प्रवृत्ति बढेको नेपालीसहित विदेशी कामदारको गुनासो बढेको बताइएको छ ।

### आकर्षक तलब र ग्रीनकार्डको लोभमा पर्दा...

**काठमाडौं/रासस–** वैदेशिक रोजगारीका लागि मौरिससमा आकर्षक तलब र ग्रीनकार्डसमेत पाइने लोभमा फस्दा एक महिला चरम यौन तथा श्रम शोषणमा परेकी छन् । लामो यातनापछि उनी भागेर नेपालीहरुकै सहयोगमा घर फिर्ता हुन सफल त भइन्, तर ती महिला ठूलो आर्थिक रकम गुमाउन पुगिन् भने यौन र श्रम शोषणमा परेर विक्षिप्त भइन् ।

नेपाल फर्किएपछि उनले प्रहरीको मानब बेचबिखन अनुसन्धान ब्युरोमा दिएको जाहेरीका आधारमा उक्त घटनामा संलग्न रहेको आरोपमा सोमबार एक जनालाई पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका सूचना अधिकारी, प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए । उनका अनुसार उक्त घटनाका अभियुक्त झापाका ५४ वर्षीय वृद्धिराज न्यौपानेलाई सोमबार काठमाडौं महानगरपालिका-७ गौरीघाटबाट >>> पृष्ठ २ मा

# मिडियामा लगानीको स्रोत खुलाउनुपर्ने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ साउन ।



मिडियामा लगानीको स्रोत खुलाउनुपर्ने भएको छ । लगानीको स्रोत खुलाउनु पर्ने प्रस्तावित प्रावधानलाई जस्ताको त्यस्तै मिडिया काउन्सिल विधेयकमा राख्ने गरी संसदीय समिति (राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति)ले सहमति जुटाएको हो ।

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले सोमबार मिडियाका लगानीकर्ताले आफ्नो स्रोत र अन्त गरेको लगानीका बारेमा जानकारी दिनुपर्ने विधेयकको प्रावधान राख्ने निर्णय गरेको हो ।

विधेयकको दफा १८ मा भएको प्रावधानलाई नितरन्तरता दिने सहमति समितिले गरेको सभापति जयन्तीदेवि राईले जानकारी दिइन् ।

प्रस्तावित विधेयकको दफा १८ को उपदफा (१) मा भनिएको छ, 'सञ्चार संस्थाको अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय लगानीको क्षेत्र र स्रोतको बारेमा काउन्सिललाई तोकिए बमोजिम जानकारी गराउनुपर्नेछ ।'

मिडियामा भएको लगानी अपपारदर्शी भएको भन्दै तत्कालीन सञ्चारमन्त्री रेखा शर्माले विधेयक ल्याउँदा स्रोत खुलाउनुपर्ने अन्य क्षेत्रमा गरेको लागनीका बारेमा समेत काउन्सिलमा >>> पृष्ठ २ मा

संसदीय समितिबाट स्वीकृत भएको प्रस्ताव ऐनमा रुपान्तरित भएपछि मिडियामा भएको लगानीको स्रोत खुलाउनुपर्ने हुन्छ । सञ्चार सामग्री सञ्चालकको अर्को लगानी क्षेत्रसँग सम्बन्धित भए त्यसबारे पाठक, स्रोता र दर्शकलाई जानकारी दिनुपर्ने हुन्छ ।

# मन्त्रीहरुलाई सूचना नचुहाउन प्रधानमन्त्रीको कडा निर्देशन

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद्को निर्णय नचुहाउन मन्त्रीहरुलाई कडा निर्देशन दिएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री ओलीले २४ घण्टा अगाडि बैठकका निर्णय कतै पनि नचुहाउन निर्देशन दिएको एक मन्त्रीले जानकारी दिए ।



मन्त्रिपरिषद्को पहिलो बैठकमै सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले नियमानुसार मन्त्रिपरिषद्को निर्णय २४ घण्टापछि मात्रै सार्वजनिक गर्ने बताएका थिए । तर २४ घण्टा नबित्दै विभिन्न सञ्चारमाध्यममा मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक हुन थालेपछि प्रधानमन्त्री ओलीले निर्णय सार्वजनिक गर्ने जिम्मेवारी सरकारको प्रवक्तालाई रहेकाले जथाभावी मिडियालाई निर्णय नटिपाउन अन्य मन्त्रीहरुलाई निर्देशन दिएका हुन् ।

मन्त्रिपरिषद्को निर्णय बाहिर नलैजान आचारसंहिता नै बनेको बताउँदै एक मन्त्री अब निर्णय प्रवक्ताबाटै आउने बताए ।

# पुँजीगत खर्च वृद्धि गर्न मन्त्री गुरुङको निर्देशन

**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चालु आर्थिक वर्षमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको पुँजीगत खर्च वृद्धि गर्न कर्मचारीलाई निर्देशन दिएका छन् । मन्त्रालयमा आयोजित गत आर्थिक वर्ष २०८०/८१ का कार्य प्रगतिबारे समीक्षा कार्यक्रममा बोल्दै मन्त्री गुरुङले विषयगत मन्त्रालयको पुँजीगत खर्च हुन नसक्नु अहिलेको मुख्य चुनौती रहेको बताए ।

उनले मन्त्रालयअन्तर्गतका सबै निकाय र विभागमा ९० प्रतिशतभन्दा बढी खर्च गर्न निर्देशन दिए ।



उनले विकासका अवरोधका रुपमा पुराना ऐन, कानुन र नीति रहेको उल्लेख गरे । आवश्यकताभन्दा बढी कर्मचारी भर्ना गर्नुले पनि कार्यप्रगतिमा अवरोध भएको उनको भनाइ थियो । सेवामा खटिने कर्मचारीलाई प्रोत्साहन गर्ने र अनावश्यक निकाय कटौती गर्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा प्रस्तुत प्रगति विवरण सुनेपछि मन्त्रालयअन्तर्गतका निकाय र विभागीय प्रतिनिधिसँग मन्त्री गुरुङले राजस्व बढाउनेतर्फ ध्यान दिन निर्देशन दिए ।

उनले राष्ट्र गौरवका योजनाहरुमध्ये 'डिजिटल नेपाल', 'स्याटेलाइट' र 'सुरक्षण मुद्रण केन्द्र' पनि हुनुपर्ने जिकिर गरे । मन्त्रालयले यिनै मुख्य तीन विषयलाई समेटेर 'हिरो मिसन' का रुपमा लिएको जानकारी दिए । मन्त्रालयले डिजिटल नेपाल बनाउने, स्याटेलाइट र सुरक्षण मुद्रण केन्द्र (प्रिन्टिङ प्रेस) आफ्नै बनाउने उनले बताए । राष्ट्रिय योजना आयोगका सदस्य डा.प्रकाशकुमार श्रेष्ठले समस्यामा अल्झिएर नभई समाधानसहितको बैठक बस्न आवश्यक रहेको बताए । उनले प्रविधि र रोजगारका विकासको सन्दर्भमा मन्त्रालयसँग आयोगले सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा मन्त्रालयका सचिव राधिका अर्यालले सरकारको डिजिटल दशक बनाउने लक्ष्य पूरा गर्न सबै कर्मचारीबीच सहकार्यको अपेक्षा रहेको बताइन् । कार्यक्रममा मन्त्रालय अन्तर्गतका निकाय, विभागीय प्रतिनिधि र सरोकारवाला मन्त्रालयका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# परोहा नगरपालिकाद्वारा ग्यास सिलिण्डर वितरण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ साउन

रौतहट परोहा नगरपालिकाको-३ तेजापाकड टोलमा ग्यास सिलिण्डर वितरण गरिएको छ । परोहा नगरपालिकाको नगर प्रमुख शेख वकिलको प्रमुख अतिथ्यतामा प्रत्येक घरधुरीलाई ग्यास सिलिण्डर तथा चुल्हो वितरण गरिएको हो ।

परोहा नगरपालिका -३ तेजापाकडका वडा अध्यक्ष महेश सिंहको अध्यक्षतामा प्रत्येक घरधुरीलाई ग्यास सिलिण्डर तथा चुल्हो वितरण कार्यक्रम शुरु भएको थियो । नगर प्रमुख वकिलको चुनावी प्रतिबद्धता अनुरुप तेजापाकड टोलका प्रत्येक घर परिवारलाई ग्यास सिलिण्डर तथा चुल्हो वितरण गरिएको हो । नगर प्रमुख वकिलले दलित, विपन्न, गरिब र अन्य समुदायका तथा आफ्नो नगरलाई धुँवामुक्त गर्नलाई प्रत्येक घरधुरीलाई ग्यास सिलिण्डर तथा चुल्हो सेटसहित वितरण गरिएको युवा नेता विशेष पसवानले बताए ।



परोहा नरपालिकाको करिव ७ हजार पाँच सय घर परिवारलाई उक्त ग्यास सिलिण्डर चुल्हो सेट वितरण गरिने छ । गत आर्थिक वर्षमा वडा नं. १ का सम्पूर्ण घर परिवारलाई वितरण गरी सकिएको तथा हाल २, ३ र ४ वडाका करिव २ हजार ७० घरपरिवालाई वितरण गरिने तथा बाँकी सबैलाई एक, दुई महिनाभित्र वितरण गर्ने मेयर वकीलले बताए । यस योजनाले गोबरबाट बनेको गुँइठा र दाउराको प्रयोगबाट खाना पकाउनुपर्ने बाध्यता हट्नुका साथै महिलाहरुको स्वास्थ्य सुधार हुने र धुँवामुक्त हुने विश्वास गरिएको नगर उपप्रमुख सुगान्धी गिरिको भनाइ छ ।

# कर्णालीमा तत्काल युवा नीति बन्छ : मन्त्री भण्डारी



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २८ साउन

कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेशमा तत्काल युवा नीति ल्याइने बताएका छन् । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले प्रदेशमा युवा नीति आवश्यक भएको बताएका हुन् ।

प्रदेश सरकारको आन्तरिक आम्दानी कमजोर हुँदा चाहेजस्तो काम गर्न नसके पनि आफ्ना प्रयासहरू भने निरन्तर हुने उनको भनाइ छ । उनले आन्तरिक स्रोत कमजोरीका कारण पनि संघीय सरकारले दिएको बजेटका आधारमा नीति बनाउनुपर्ने बाध्यकारी अवस्थालाई प्रस्तुत गरे ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दृष्टिविहीन अपांगतालगायतका लक्षित वर्गका व्यक्तिहरूका लागि प्रादेशिक शिक्षा नीतिबाट उचित व्यवस्था हुने अपेक्षा मन्त्री भण्डारीले गरे । त्यसका लागि तत्कालै प्रदेश सरकारले नीति ल्याउने उनले बताए ।

खेलकुद क्षेत्रको विकासका लागि राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि प्रदेश सरकारले तयारी गरिरहेको जानकारी दिँदै आफूले पदभारका क्रममा गरेको पहिलो निर्णयबारे युवाहरूलाई जानकारी गराए । युवाहरूको सहभागिता रहेको उक्त कार्यक्रममा डिजिटल सुरक्षासम्बन्धी अन्तरक्रिया गरिएको थियो ।

## सशक्त बालिका परियोजना

# गेरुवा गाउँपालिकामा दोस्रो चरणको कार्यक्रम सञ्चालन गरिने

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २८ साउन

बर्दियाको गेरुवा गाउँपालिकामा 'सशक्त बालिका परियोजना' को दोश्रो चरणको कार्यक्रम सञ्चालन गरिने भएको छ । राधाकृष्ण थारू जनसेवा केन्द्र बर्दियाद्वारा पालिकामा आयोजित समन्वय तथा समीक्षा कार्यक्रममा सो कुराको जानकारी दिइएको हो ।

कार्यक्रममा परियोजनाले समेटेका विद्यालय र समुदायका बालबालिका, किशोर किशोरी तथा युवाहरू साथै विशेषगरी किशोरी र युवा महिलाहरू आफ्नो अधिकारको बारेमा जानकार भइ बालविवाह, छिटो विवाह र जबर जस्ती विवाहबाट मुक्त भइ स्वतन्त्र रुपमा जीवनयापन गर्न सफल हुने परियोजनाले लक्ष्य लिइएको परियोजनाका संयोजक मनोज पौडेलले जानकारी दिए ।

उनले परियोजनाले प्रारम्भिक बाल विकास, बाल संरक्षण, बाल अधिकार, शिक्षा, स्वास्थ्य तथा पोषण, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, लैंगिक समानता तथा न्याय, संरक्षण मानवीय कार्य, नेतृत्व विकास, खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा विविध कृयाकलापहरू गरिने बताए ।



कार्यक्रममा परियोजनाका संयोजक पौडेलले परियोजना अन्तर्गत आ.व.२०८०/०८१(सन २०२३/०२४) मा सम्पन्न भएका क्रियाकलापहरूको लक्ष्य तथा उपलब्धीहरू र खर्च विवरण प्रस्तुत गर्दै करिब गेरुवा गाउँपालिकामा २२ लाख रुपैयाँ खर्च भएको प्रतिवेदन प्रस्तुत गरे । चालु आ.व. २०८१/०८२(सन् २०२४/०२५) मा परियोजनामार्फत गरिने क्रियाकलापहरू तथा लक्षित बजेटको बारेमा जानकारी दिँदै उनले परियोजनाको दोस्रो चरणमा १८ लाख बढी रकम खर्च गरिने जानकारी दिए । 'सशक्त बालिका परियोजना' बर्दियाको बारबर्दिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, गेरुवा गाउँपालिका र राजापुर नगरपालिकामा सन् २०२३ जुलाइ देखि सञ्चालनमा रहेको छ । परियोजना जुन २०२५ सम्म सञ्चालनमा रहनेछ ।

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख नवराज अधिकारीले परियोजनाले गेरुवा गाउँपालिकाको शैक्षिक स्तर सुधार गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै सञ्चालन गरिएका गतिविधिले विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनमा भूमिका खेलेको बताए ।

उनले परियोजनाले गरेका राम्रा अभ्यासहरूलाई सम्पूर्ण सरोकारवालाहरूले जिम्मेवारी बोधसहित काम गर्नुपर्ने, विशेषगरी स्थानीय सरकारले यस कार्यमा अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताउँदै यस कार्यका लागि आफ्नो तर्फबाट सहकार्य, समन्वय तथा सहयोग सदैव रहने प्रतिबद्धता जनाए ।

कार्यक्रममा पालिका उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, विभिन्न वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरु तथा प्रतिनिधिहरु, संस्थाका कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

**सम्पत्ति...**

व्यवस्था छ । यसको पनि प्रभावकारी कार्यान्वयन भएको छैन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११० मा जननिर्वाचित प्रतिनिधिले प्रत्येक आर्थिक वर्ष सकिएको ६० दिनभित्र आफ्नो र परिवारको नाममा रहेको चल-अचल सम्पत्ति तोकेको ढाँचामा बुझाउनुपर्ने व्यवस्था छ ।

मन्त्रालयका अधिकारीहरू स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई बारम्बार सम्पत्ति विवरण पेस गर्न तोकेता गर्ने गरिएको बताउँछन् । अधिकांश स्थानीय तहले सम्पत्ति विवरणको आधिकारिक कपी आफैँले राख्ने गरेकाले पनि संघीय संरचनाको जानकारीमा आउन ढिला हुने गरेको छ ।

७७ जिल्लामा सात सय ५३ स्थानीय तह छन् । स्थानीय तहको निर्वाचनबाट ३७ हजार ४१ जनप्रतिनिधि निर्वाचित भएका छन् ।

सम्बन्धित स्थानीय तहले सम्पत्ति विवरणको अभिलेख राखी ३० दिनभित्र प्रदेश सरकारसमक्ष पठाउनुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा छ । जनप्रतिनिधिले बुझाएको सम्पत्ति विवरण छानबिन वा अनुसन्धान प्रयोजनका लागि बाहेक गोप्य राखिने व्यवस्था छ । तर, जनप्रतिनिधिले स्वेच्छिक रूपमा सम्पत्ति विवरण सार्वजनिक पनि सक्नेछन् । स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा ११० मा जनप्रतिनिधिले प्रत्येक आर्थिक वर्ष सम्पन्न भएको ६० दिनभित्रै आफ्नो र आफ्नो परिवारका नाममा रहेको चल-अचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण प्रचलित कानुनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ ।

अखितयारले निजामती, शिक्षक र प्रहरी, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले सम्पत्ति विवरणका बन्दी खामहरूको व्यवस्थापनको विषयमा पनि चासो राखेको छ । बन्दी खामहरूको संरक्षण गर्न र राष्ट्रिय किताबखाना (निजामती, शिक्षक र प्रहरी) ले सम्पत्ति विवरण फारामलाई अनलाइन प्रविधिमार्फत् प्राप्त गर्ने व्यवस्था मिलाउन आयोगले तीन तहकै सरकारहरुलाई निर्देशन गरेको छ ।

**स्थानीय...**

मन्त्रिपरिषदको कार्यालय सिंहदरवार पुगेका हुन् । उक्त भेटमा आयोगका अधिकारीहरुले आगामी मंसिर तेस्रो साता उपनिर्वाचन गर्न उपयुक्त हुने सुझाएका छन् । 'हामीले आगामी मंसिर तेस्रो साता उपनिर्वाचन गर्न सकिने हाम्रो प्रस्ताव छ । निर्वाचन आयोगको प्रस्तावमा सरकार सकारात्मक रहेको पाएका छौं' प्रमुख आयुक्त थपलियाले भने । प्रधानमन्त्री ओलीले जाडो समय अगावै हुने गरी निर्वाचनको मिति तय गर्न आग्रह गरेका छन् । निर्वाचनमा मितव्ययीता अपनाउन पनि आयोगलाई प्रधानमन्त्री ओलीको आग्रह छ । मिति घोषणा अघि आयोगले सम्बन्धित तहमा मतदाता नामावली अद्यावधिकका लागि आव्हान गर्नेछ ।

**आकर्षक...**

पक्राउ गरी काठमाडौं जिल्ला अदालतमा पेस गरिएकोमा पाँच दिनको म्याद थप अनुमति लिइ आवश्यक अनुसन्धान थालिएको छ ।

अभियुक्त न्यौपानेले आर्थिक अवस्था कमजोर भएकी पीडित महिलालाई मौरिससमा मासिक ७० हजार कमाइ हुने र ग्रीनकार्डसमेत पाइने प्रलोभनमा विश्वास दिलाएर पुऱ्याएका थिए । उनले त्यहाँ पुग्नका लागि भन्दै पीडितबाट दुई लाख ५० हजार रूपैयाँ लिएका अनुसन्धानमा खुलेको ब्युरोले जानकारी दिएको छ । शुरुमा उनले गत माघमा मौरिसस पुऱ्याउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लगेर पीडित महिलालाई मौरिसस लेखिएको क्याप टोपी लगाउन लगाइ फोटो खिचे । पहिचानका लागि मौरिससमा रहेका उनका साथीलाई त्यो तस्बिर पठाए ।

प्रहरीका अनुसार त्यसपछि उनले गत माघ १३ गते नेपालबाट भारतको नयाँ दिल्ली हुँदै मैरिसस पुऱ्याए । त्यही टोपीका आधारमा पहिचान गरी मौरिससस्थित विमानस्थलमा उनका साथीले पीडितलाई रिसिभ गरी मौरिसियन नागरिकलाई जिम्मा लगाएको पनि अनुसन्धानमा खुलेको प्रहरी उपरीक्षक मिश्रले बताए ।

मौरिससका नागरिकले अभियुक्त न्यौपानेबाट उपहारस्वरुप खरिद गरी ल्याएको भनि दैनिक १७/१८ घण्टा घरको काम लगाइ समयमा खाना खान र तलबसमेत नदिइ चरम श्रम शोषण तथा यौनशोषण गरेको पीडित महिलाले ब्युरोमा बयान दिएकी छन् ।

पीडित महिलाले नेपाल फर्काउन अनुरोध गर्दा अभियुक्तले घर मालिकले भनेबमोजिम गर्न भनि डर, धम्कीसमेत दिएपछि काम गरेको ठाउँबाट रातिको समयमा भागेर उनी पोर्चुगल पुगेको र त्यहाँ रहेका नेपाली नागरिकको सहयोगमा गत असार ३० गते नेपाल फर्कन सफल भएकी थिइन् । त्यसपछि उनले मानव बेचबिखन अनुसन्धान ब्युरो बबरमहलमा जाहेरी दिएपछि प्रहरीले अभियुक्तको खोजी थालेकामा सोमबार न्यौपाने पक्राउ परेका हुन् ।

**मिडियामा...**

जानकारी गराउनुपर्ने प्रस्तावसहितको विधेयक ल्याएकी थिइन् । जसलाई संसदीय समितिले स्वीकार गरेको हो ।

समितिकी सभापति राई सञ्चार माध्यमले प्रकाशन गरेको सामाग्री सञ्चालकको अर्को लगानी क्षेत्रसँग सम्बन्धित भएमा त्यसबारेमा पाठक स्रोत र दर्शकलाई जानकारी दिनुपर्ने प्रावधानलाई समेत विधेयकले समेटेको बताउँछिन् ।

यस सम्बन्धमा प्रस्तावित विधयकमा भनिएको छ, 'सञ्चार संस्थाले आफ्नो व्यवसाय वा लगानी गरेको संस्थासँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामाग्रीहरू आफ्नो लगानी रहेको क्षेत्रसँग सम्बन्धित भएमा सर्वसाधरण देख्न पढ्न वा सुन्न सक्ने गरी तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ ।'

यो व्यवस्था ऐनमा रुपान्तरित भएपछि मिडियामा भएको लगानीको स्रोत खुलाउनुपर्ने हुन्छ । सञ्चार माध्यमले प्रकाशन गरेको सामाग्री सञ्चालकको अर्को लगानी क्षेत्रसँग सम्बन्धित भएमा त्यसबारेमा पाठक, स्रोता र दर्शकलाई जानकारी दिनुपर्ने हुन्छ । राष्ट्रिय सभाको विधायन समितिबाट पास भएको यो व्यवस्थासहितको विधेयक राष्ट्रिय सभामा पेश हुन्छ । राष्ट्रिय सभाबाट जस्ताको तस्तै पारित भए प्रतिनिधि सभामा आउँछ । प्रतिनिधि सभाले पनि स्वीकार गरे फेरि राष्ट्रिय सभामा जान्छ । प्रतिनिधि सभामा भएको निर्णय राष्ट्रिय सभाले स्वीकार गरे राष्ट्रिय सभाका अध्यक्ष हुँदै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रतिले प्रमाणीकरण गरेपछि ऐनका रुपमा लागू हुन्छ ।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सालझण्डी–सन्धिखर्क–ढोरपाटन सडक योजना कार्यालय, अर्घाखाँची

**आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८१-०४-२९ (13–Aug–2024)

यस योजना कार्यालयबाट मिति:२०८१-०१-३१ मा www.bolpatra.gov.np/egp. मा तथा हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम प्राप्त बोलपत्रहरुको प्राबिधिक मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलत्रहरु सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद नियमावली २०६४ (तेह्रौ संशोधन समेत) को नियम ३१ (ज) उपनियम (५) बमोजिम तपसिलको मिति,समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| सि. न. | ठेक्का नं. | प्राबिधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति, समय, र स्थान |
|---|---|---|---|
| 1. | SSDRP/ 337011064/ 080/81-02 | 1. M/S Satyawati-Arniko JV, Kathmandu-10, Baneshwor<br>2. M/S Hari Hari Nirman Sewa Pvt. Ltd, Ratopul, Kathmandu<br>3. M/S Kasthamandap-Manakamana JV, Balkhu- 14, Kathmandu<br>4. M/S Jaya Dhananjaya Nirman Sewa Pvt. Ltd, Balaju-16, Kathmandu<br>5. M/S Rijal-Tamang-Bhagawati JV, Rupandehi, Nepal<br>6. M/S Thodung / Siddhartha Darshan / Amar JV, Sandhikharka Arghakhanchi<br>7. M/S P.S.-ROYAL-SHREEPUR JV, Dhangadhi, Kailali<br>8. M/S Radha Krishna - Lumbini -KD JV, Pokhara Malepatan 5, Kaski, Pokhara<br>9. M/S Aarogya-KBK JV, Sinamangal-9, Kathmandu<br>10. M/S Bright/Himal/M.M JV, Pepsicola-32, Kathmandu<br>11. M/S Sarb Uddhar-Avanesh-Pokhara JV, Koteswor - 32, Kathmandu<br>12. M/S Pushpa/BNT JV, Sandhikharka-1, Arghakhanchi | मिति :२०८१-०५-०४ (20–Aug–2024) समय :दिनको १:०० बजे स्थान : सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक योजना कार्यालय, सन्धिखर्क, अर्घाखाँची |

योजना प्रमुख

**मलेसियामा रोजगार |**
कम्पनी: PRESS METAL BINTULU SDN.BHD.
शहर: Malaysia, Sarawak

पूर्व स्वीकृत मिति: २०८०/१०/04 चलानी नं.: ६०२१३१८२ LT. No.: 298190 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 50 | 0 | स. काममा दक्ष | 1500 | ४५,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि–अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता Hotel HYATT REGENCY, काठमाडौंमा
२०८१ भदौ ५, ६ र ७ गते (21, 22 & 23 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६१७/०६३/०६४
वर्ल्डवेज मेनपावर इंक प्रा. लि.
कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन नं. ४६०२३८६, ४६०१८६५
मोबाईल नं.: ९८०१०६१९८०, ९८५१०६९६८०
Email.:info@worldwaysmanpower.com.np | Web Site : worldwaysmanpower.com.np

**साउदीमा रोजगार |**
कम्पनी : MAJAN CONSTRUCTION COMPANY LTD. SINGLE PERSON CO
शहर : Saudi Arabia

पूर्व स्वीकृत मिति: २०८१/०४/२८ चलानी नं.: ६०२२३४६६ LT. No.: 308847

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Constructing Worker | 65 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

इजाजत न.: ४०७/०६०/०६१
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824,
984178115, 9851015421, 9808818851, E-mail: cm.seagull55@gmail.com

# कर्णाली राजमार्गमा सधैं पहिरोको जोखिम

दिलमाया शाही/मध्यान्ह
जुम्ला, २८ साउन

कर्णाली राजमार्गमा निरन्तर पहिरोको जोखिम रहने गरेको छ। सडक डिभिजन कार्यालय जुम्लाका अनुसार साउन महिनमा मात्रै कर्णाली राजमार्गका करिब एक दर्जन बढी स्थानमा पहिरो गएको छ । सडक डिभिजन कार्यालय जुम्लाका निमित्त प्रमुख चेतन कुमार मण्डलले राजमार्गमा निरन्तर पहिरो आइरहेको बताए। वर्षायाम शुरु भएदेखि नै सडकखण्डका विभिन्न स्थानमा पहिरो गइहेको उनले बताए ।



कर्णाली राजमार्ग अन्तर्गत मोल्फा र चौखोलामा ठूलो पहिरो गएको छ । सडक सुचारु गर्न गाल्जेबाट स्काभेटर पठाउने तयारी भइरहेको छ । सडक डिभिजनले जारी गरेको सूचनाअनुसार कालीकोटको पिलि (कल्यान खोला)मा अवरुद्ध भएको सडक एकतर्फीरुपमा सञ्चालन भइसकेको छ भने कालीकोटको चौखोला र मोल्फामासमेत पहिरोले सडक अवरुद्ध भएको छ।

सडक डिभिजनका अनुसार कालीकोटको चौखोला र मोल्फामा पनि पहिरोका कारण सडक अवरुद्ध भएको छ। उक्त स्थानमा सडक सुचारु गर्नका लागि काम भइरहेको कार्यालयले जानकारी दिएको छ । साउन महिनामा जुम्ला र कालीकोट खण्डको विभिन्न क्षेत्रमा अविरल वर्षाका कारण कालीकोटको राँचुली, मोल्फा र फुर्के साँझमा पहिरोले गर्दा बाटो अवरुद्ध भएको थियो ।

यसैगरी अविरल वर्षाका कारण सुर्खेत जुम्ला सडकखण्डअन्तर्गतको गगने खोला र कालेखोला कालीकोटमा पनि पहिरोले बाटो अवरुद्ध भएको थियो। तर उक्त सडकखण्ड हाल सञ्चालनमा आइसकेको छ ।

राजमार्गमा निरन्तर पहिरो गएका कारण यात्रुहरुलाई यात्रा गर्न नै समस्या भइरहेको छ । तर राजमार्ग मर्मत तथा समस्या समाधानका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय प्रशासनले चासो नदेखाएको स्थानीयहरु बताउँछन् ।

नागरिक समाज जुम्लाका संयोजक राजबहादुर महतका अनुसार सडकको विषयमा साउन महिनाभर छलफल तथा बैठक नराख्दा पूर्वतयारीका विषयमा जानकारी नभएको बताए। प्रमुख जिल्ला अधिकारी जय कुमार घिमिरेले सडकमा निरन्तर पहिरो गएपनि पहिरो हटाएर सडक सञ्चालनमा ल्याउने गरिएको बताए ।

# 'सामाजिक सञ्जालको प्रयोगले नागरिक असुरक्षित'




काठमाडौं/मस– नेकपा एमालेको बागमती प्रदेश कमिटीका सचिव नवराज सिलवालले सामाजिक सञ्जालको प्रयोगबाट नागरिक असुरक्षित हुँदै गएको बताएका छन् ।

राष्ट्रिय युवा संघ नेपालको आयोजनामा भएको 'नेपालको राजनीतिमा युवा र आजको डिजिटल प्रविधि' नामक कायक्रममा सचिव सिलवालले तीव्ररुपमा बढिरहेको सामाजिक सञ्जालको प्रयोगबाट नागरिक असुरक्षित भइरहेको बताउँदै फेसबुक, ह्वाटसएपलगायतमा प्रलोभन देखाएर आउने विभिन्न किसिमका मेसेजहरु खतराको संकेत भएकाले त्यसबाट सावधान रहन सुझाव दिए।

कार्यक्रममा वरिष्ठ सञ्चारकर्मी बबिता बस्नेतले वर्तमान समयमा हरेक क्षेत्रका एजेण्डा सञ्चारमाध्यमहरुले तयार पार्ने गरेको बताएकी छिन्। उनले भनिन्, 'मिडियाहरुमा तथ्य बिना नै यसो भए हुन्थ्यो, त्यस्तो गरे हुन्थ्यो खालका समाचार सम्प्रेषण हुन्छन्। जसबाट एजेण्डा सेट नै मिडियाले गरिरारहेको छ।'

यस्तै समाचारहरुको तथ्यगत विश्लेषण र अनुसन्धान गर्न जरुरी रहेको उनको भनाइ थियो। साथै हाल फेसबुक, युटुबमा देखिने मानिसका व्यक्तिगत कुराका समाचार, भिडियो लयायका विषयमा बोल्दै उनले थपिन्, 'घरभित्रको समाचार खोजी गर्ने अधिकार कसैलाई छैन । मान्छेका व्यक्तिगत कुरालाई सामाजिक सञ्जालमा देखाउनु कानून विपरीत हो।' सूचनाको हक भएको ठाउँमा गोपनियताको हक हुन एकदमै आवश्यक रहेको पनि बताइन् ।

त्यस्तै कार्यक्रममा राष्ट्रिय युवासंघका अध्यक्ष क्षितिज थेवेले राजनीतिकर्मी र युवा राजनीतिज्ञहरुले समयसँगसँगै आफूमा परिवर्तन ल्याउन आवश्यक रहेको बताए। प्रविधिको प्रयोग गरिरहँदा आफ्ना मूल्य र मान्यतालाई कायम राखेर प्रोटोगाण्डा फैलाउने खालका समाचार सम्प्रेषण र कार्यक्रम सञ्चालन नगर्न सञ्चार माध्यमलाई आग्रह गरे। साथै उनले टिकटकले युवाहरुलाई आत्मनिर्भर बनाएको बताउँदै टिकटकमा लगाएको प्रतिबन्ध हटाउन सरकारलाई आग्रह समेत गरे ।

# सामुदायिक वनको आम्दानीले गाउँभर झिलिमिली

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २८ साउन

अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नम्बर ११, १२, १३ र १४ का विभिन्न ठाउँमा रहेका सामुदायिक वनहरुको आम्दानीबाट गाउँहरु झिलिमिली बनाइएको छ।

शितगंगाको १३ नम्बर वडा भंगाला गाउँमा सामुदायिक वनको आम्दानीबाट थुप्रै नमुना विकास निर्माणका कामहरू भएका छन् ।

उक्त नगरपालिकाको विकट बस्ती भनेर चिनिने भङ्गलाका धेरै विकास निर्माणका कामहरू सामुदायिक वनको आम्दानीबाट भएका छन्। उक्त गाउँमा ३४ घर परिवार रहेका छन् ।

शितगंगा १३ धिरीखोलामा सामुदायिक वन उपभोक्ता समूहको आम्दानीबाट 'गाउँमा पुग्ने मोटरबाटो, सिँचाइ योजना, खानेपानी, विद्यालय भवन निर्माण, इन्टरनेट विस्तार, विद्युत विस्तार गाउँमा बाख्रा पालन, कुखुरा पालन, वैदेशिक रोजगारीमा जानेहरुका लागि आर्थिक सहयोग गरेपछि गाउँका सबै उपभोक्ता रोजगारीमा व्यस्त रहेको धिरिखोला सामुदायिक वनका अध्यक्ष रेमकला गुरुङले बताइन् ।

सो समुहले सडक निर्माण गर्ने तथा मर्मत गर्ने कार्यमा झण्डै २१ लाख रुपैयाँ खर्च गरेको अध्यक्ष गुरुङले बताइन् ।

गोरुसिंगे सन्धिखर्क सडकको डोहोटेबाट भंगाला गाउँमा जान सहज भएपछि अहिले त्यो बाटो धेरैले प्रयोग गर्छन् । भंगाला गाउँको भित्री सडक पनि निर्माण तथा मर्मत भएको सामुदायिक वनका कोषाध्यक्ष बसन्त भुसालले मध्यान्हलाई बताए ।

सामुदायिक वनका अध्यक्ष रेमकलाले भनिन्, 'यो वर्ष ३५ लाख र विगतका वर्षहरूमा गरी



झण्डै ७५ लाख रुपैयाँको लगानीमा भंगाला सिँचाइ योजना पूरा भएपछि अहिले त्यहाँका उपभोक्ताले तरकारी खेती गरेर दैनिक कपिलवस्तु लगेर बेचबिखन गर्ने गरेका छन्। जसबाट ६० बिघा खेतमा सिँचाइ सुविधा पुगेपछि अहिले खेती गर्न किसान उपभोक्ता कम्मर कसेर लागेका छन्।'

यस्तै शितगंगा १२ मा पनि डोहोटे सामुदायिक वनको आम्दानीले सिँचाइ विद्युतका काम बाखा वितरण, हाते ट्याक्टर वितरण गर्नुको साथै बिउ वितरण गरेपछि मौसमी तथा बेमौसमी तरकारी उत्पादन बढेको सामुदायिक बनका अध्यक्ष रेसम बन्जाडे बताए । शितगंगाका अधिकांश ठाउँमा कपिलवस्तु जिल्लाबाट सामुदायिक वनको आम्दानीले गाउँमा बिजुली बत्ती बाल्न पाएपछि उपभोक्ताहरु झन् खुसी देखिन्छन्।

विकट बस्तीमा सामुदायिक वनको आम्दानीबाट गाउँ अहिले झिलिमिली भएपछि उपभोक्ता हर्षित भएका हुन् । घरघरमा नेट सुविधा पुगेको छ, गाउँमा रहेका साना तिना बाटाहरु निर्माण भएका छन्। विद्यालय भवन पनि बनेका छन् । गाउँमा विद्यालयका सानातिना काम गर्न विद्यालयमा निजी श्रोतबाट शिक्षक राख्नका लागि अहिले सरकारको मुख हेर्नुपर्ने अवस्था नभएको स्थानीय गणेश पुलामी बताउँछन् ।

धिरिखोला सामुदायिक वनले खानेपानी मर्मतमा वार्षिक ३० हजार रुपैयाँ खर्च गर्छ । गाउँमा भगवती मन्दिरमा ७ लाख रुपैयाँको लागतमा निर्माण गरिएको स्थानीय नारायण पौडेलले बताए। गाउँमा चाहिने विकासका कामका लागि राज्यका कुनै सरकारको मुख ताक्नु पर्दैन । सामुदायिक वनहरू सक्षम भएको खण्डमा गर्न सकिन्छ भन्ने उदाहरण अर्घाखाँचीका सामुदायिक वनहरुले देखाएको शितगंगाका समाजसेवी हिम्मत पोखेलले बताए।

उपभोक्ताको आयआर्जन बढाउनका लागि तरकारी खेती गर्ने, गाइभैंसी पालन गर्ने, बाख्रापालन गर्ने, बुंगुरपालन गर्ने कृषकलाई वार्षिक ३ प्रतिशत ब्याजदरमा ऋण लगानी पनि सामुदायिक वनले गर्ने गरेको वन अधिकृत मरिच लामाले बताए ।

धिरिखोलामा भैंसीपालनका लागि १६, बाख्रापालनका लागि १३, कुखुरापालनका लागि ५ र बंगुरपालनमा ३ जनाले वार्षिक ३ प्रतिशत ब्याजदरमा ऋण पाएका छन्। भैंसीपालनका लागि वार्षिक ३ प्रतिशत ब्याजदरमा ७० हजार रुपैयाँ ऋण लिएको उपभोक्ता बसन्तप्रसाद भुसालले बताए ।

उनले भने, 'भैंसीपालन गरेर दूध बिक्री गरेर आम्दानी गरिरहेको छु।' कृषि तथा पशुपालन गर्ने उपभोक्ताहरूको हितका लागि उनीहरूको मागका आधारमा हाते ट्याक्टर वितरण, घाँस काट्नको लागि चाप कटहर वितरण गरेको छ । बिउको लागि बोका पनि वितरण गरेको छ ।

रोजगारीका लागि वैदेशिक रोजगारीमा गएकाहरू सात जना गाउँमा फर्किएर स्वरोजगारका काम गरिरहेका छन् । विदेशबाट फर्किएका दुई जनालाई अटो रिक्सा खरिदका लागि निर्व्याजी ऋण पनि प्रदान गरिएको छ । साउदी अरबबाट फर्किएका विष्णु घम र भारतको दिल्लीमा रोजगारी गरेर फर्किएका दिलीप घमलाई ब्याज मिनाहा गरी ३ लाख रुपैयाँका दरले कर्जा लिने गरेका छन् । त्यस्तै शितगंगा नगरपालिका वडा नम्बर ११ को गैडे सामुदायिक वनका उपभोक्ताहरुको पनि दैनिकि फेरिएको सामुदायिक वनका सचिव सीता बेल्वासेले बताइन् ।

कपिलवस्तु र अर्घाखाँचीको सिमानामा रहेको सो सामुदायिक वनको आम्दानीबाट त्यहाँका उपभोक्ताहरुले धेरै विकास निर्माणका कामहरु गरेको उपभोक्ता समुहका सचिव बेल्वासेको भनाइ छ ।

सो सामुदायिक वन अर्घाखाँची र कपिलबस्तुको सिमाना क्षेत्रमा पर्छ भने त्यसको संरक्षण दुवै जिल्लाका उपभोक्ताहरुले गर्ने गर्छन् ।

सचिव बेल्वासेका अनुसार सामुदायिक बनको आम्दानीबाट बाटो खन्ने सिँचाइका योजनाहरु सम्पन्न गर्ने विद्युत बाल्ने विद्यालय भवनलाई सहयोग बाढी पीडितलाई सहयोग समेत गर्ने गरिएको छ । सामुदायिक वनको आम्दानीबाट स्थानीय सरकारले गर्न नसकेका कामहरु समेत उपभोक्ताहरुले आफै निर्माण गर्ने काम गरेको डिभिजन वन अधिकृत ईश्वरीप्रसाद पौडेलले बताए । डिभिजन वन कार्यालय अर्घाखाँचीका बरिष्ठ वन अधिकृत मदन प्रसाद ढुङ्गानाले धेरै नमुना काम भएको बताए । उनले भने, 'वन कार्यालयले त्यसको अनुगमन निगरानी गर्ने गरेको छ, पुरस्कृत गर्ने गरी सामुदायिक वनले काम गरेका छन्।'

# परिवर्तन गाउँपालिकाले गऱ्यो बजार अनुगमन

सुर्य प्रकाश बुढा मगर/मध्यान्ह
रोल्पा, २८ साउन



रोल्पाको परिवर्तन गाउँपालिकाले बजार अनुगमन गरेको छ। आइतबार परिवर्तन गाउँपालिका उपभोक्ता हित संरक्षण समितिको आयोजनामा परिवर्तन गाउँपालिका-१ को खरिबोट बजार, परिवर्तन गाउँपालिका-५ को घऱ्याम्झिम र पुतलाचौर बजारको अनुगमन गरिएको हो । आमनागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै बजार अनुगमन गरिएको परिवर्तन गाउँपालिकाले जानकारी दिएको छ। अनुगमन गर्दा नागरिकको दैनिक जीवनसँग जोडिएको खाद्यान्न र पेय पदार्थलाई प्राथमिकता दिँदै अनुगमन गरिएको छ ।

त्यस्तै गाउँपालिकामा दर्ता, नवीकरण, प्यान नम्बर, मूल्य सूची र पसलको बोर्ड छ कि छैन भनेरसमेत अनुगमन गरिएको छ । केही नयाँ पसलहरु बजार व्यवस्थापन समितिमा दर्ता भएको र गाउँपालिकामा दर्ता नभएको पाइएकोले समय दिएर अनिवार्य गाउँपालिकामा दर्ता गरी सञ्चालन गर्न समेत आग्रह गरिएको छ ।

केही पसलबाट कम मात्रामा म्याद गएको सामान फेला परेको र उक्त सामान उपभोक्ता हित संरक्षण समितिले जफत गरेर आगामी दिनमा त्यस्ता सामानहरु पसल सञ्चालन स्वयंले नष्ट गर्न वा सम्बन्धित कम्पनीलाई फिर्ता गर्न समेत भनेको छ । दुवै ठाउँको बजारमा गत वर्षभन्दा धेरै मात्रामा सुधार भएको पाइएको छ भने नयाँले दर्ता नगरेको पाइएकोले अनुगमन समितिले दिएको समयभित्र दर्ता गरी पसल सञ्चालन गर्नसमेत आग्रह गरिएको छ ।

परिवर्तन गाउँपालिका उपभोक्ता हित संरक्षण समितिका संयोजक कलादेवी खत्रेनीको संयोजकत्वमा भएको बजारमा अनुगमनमा परिवर्तन गाउँपालिका अध्यक्ष सुक बहादुर बुढा मगर, परिवर्तन गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत प्रेम जि.एम, ईलाका प्रशासन कार्यालय घर्तीगाउँका सुब्बा उदिराम रोका, परिवर्तन गाउँपालिका प्रशासन शाखा प्रमुख ललित बुढा मगर, उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशका सदस्य मन बहादुर घर्ती मगर, परिवर्तन गाउँपालिका स्वास्थ्य प्रमुख दिपक घर्ती मगर, परिवर्तन गाउँपालिका-१ का वडा अध्यक्ष मैते बुढा मगर, परिवर्तन गाउँपालिका उद्यम सहजकर्ता झक्कु डाँगी, इलाका प्रहरी कार्यालय ओबाङका इन्चार्ज ओमभक्त केसीलगायतको टोलीले बजार अनुगमन गरेको थियो।

२५ साउनमा परिवर्तन गाउँपालिका-३ को बागमारा बजार र परिवर्तन गाउँपालिका-६ को दुइखोली बजारमा अनुगमन गर्दा भेटिएका सामान र २७ साउनमा परिवर्तन गाउँपालिका-१ कुरेलीको खरिबोट बजार तथा परिवर्तन गाउँपालिका-५ को घऱ्याम्झिम र पुतलाचौरमा अनुगमन गर्दा भेटिएको सामान खाल्डोमा पुरेर नष्ट गरिएको छ। करिब ४४ हजार ६ सय ८७ रुपैयाँ बराबरको म्याद गुज्रिएको सामान बरामद गरी नष्ट गरिएको छ। नष्ट गरिएको सामानमा पेय पदार्थ, जंक फुड र कस्मेटिक सामानहरु रहेका छन्।

# दुर्घटनामा ट्याक्टर चालकको मृत्यु



लालबाबु बानिया/मध्यान्ह
पर्सा, २८ साउन

पर्साको धोबिनी गाउँपालिका वडा नं.२ भिखमपुर गाउँ नजिक दर्शनार्थी बोकेको ट्याक्टर दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ ।

दुर्घटनामा आधा दर्जन बढी दर्शनार्थीहरु सामान्य घाइते भएका छन्। पटेर्वा सुगौली गाउँपालिकाको सोनवर्षा रामभौरी भाथा दुधेश्वरनाथ बाबाको दर्शन गरी मेला हेरेर फर्किरहेको अवस्थामा जानकी टोलदेखि हरिहरपुर जाने नहर बाटोमा ट्याक्टर दुर्घटना भएको हो। दुर्घटनामा छिपहरमाई गाउँपालिका वडा नं २ टिहुकी गाउँका ५० वर्षीय प्रेम मुखिया बिन रहेको इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक राजन ढकालले जानकारी दिए ।

भाथा बाबाको मेला हेरी टिहुकी घरतर्फ फर्की रहेको प्रदेश २-०३-००१ त ५३३९ नम्बरको ट्याक्टर दुर्घटनामा परेको प्रहरीले जनाएको छ । शवलाई नारायणी अस्पताल पठाइएको छ ।


## Sunkoshi Rural Municipality
## Office of Rural Municipal Executive

**Pangretar, Sindhupalchok**
**Bagmati Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2081/04/29 (12-08-2024)**

Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Pangretar, Sindhupalchok invites electronic bids for the following works under National Competitive Bidding (NCB.)

| Contract Identification No. | Description | Estimate Amount (with VAT & P.S) | Bid Security Amount | Price of Bid Document | Bid Purchase Last Date, Time | Bid Submission Last Date, Time | Bid Opening, Time |
|---|---|---|---|---|---|---|---|
| SRM/Works /Road/NCB/ 081/82-01 | Upgrading work of Khaharekhola TamangTol, Sunkoshi RM-07 | Rs. 1,99,97,289.99 | Rs. 5,00,000 | Rs. 3000 | 2081/05/27 (12-09-2024) at 12:00 hrs | 2081/05/27 (12-09-2024) at 12:00 hrs | 2081/05/27 (12-09-2024) at 13:00 hrs |
| SRM/Works /Road/NCB/ 081/82-02 | Upgrading work of BirtaTol MijarTol Ningre Sadak, Sunkoshi RM-06 | Rs. 99,97,280.73 | Rs. 2,50,000 | Rs. 3000 | 2081/05/27 (12-09-2024) at 12:00 hrs | 2081/05/27 (12-09-2024) at 12:00 hrs | 2081/05/27 (12-09-2024) at 13:00 hrs |

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Sunkoshi Rural Municipality, Office of Rural Municipal Executive, Pangretar, Sindhupalchok.

**Chief Administrative Officer**





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२९ साउन २०८१, मंगलबार
13 August 2024, Tuesday

## सम्पादकीय

# जनप्रतिनिधिमा पारदर्शिताको खाँचो

जनप्रतिनिधिका व्यवहारले आम नागरिकलाई समेत निर्देशित गरिरहेको हुन्छ । तर, कानून बनाउने र कार्यान्वयन गर्ने अख्तियार प्राप्त जनप्रतिनिधिले नै कानून पालना नगरेको विषय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बाहिर ल्याइदिएको छ । अख्तियारका अनुसार तीन वटै तहका जनप्रतिनिधिहरूमा आफ्नो सम्पत्ति विवरण सम्बन्धित निकायमा पेस नगर्ने प्रवृत्ति देखा परेको छ । यो प्रवृत्ति अन्त्य गर्न भन्दै अख्तियारले हालै तीन वटै तहका जनप्रतिनिधिलाई आफ्नो सम्पत्ति विवरण पेस गर्न निर्देश गरेको छ । विभिन्न चार बुँदे निर्देशन जारी गर्दै अख्तियारले जनप्रतिनिधिहरूमा पारदर्शिताको खाँचो औँल्याएको हो । अख्तियारका अधिकारीहरू वर्षौंदेखि जनप्रतिनिधिका सम्पत्ति विवरण पेस हुन नसकेपछि निर्देशन नै जारी गर्नु परेको बताउँछन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार पटक–पटक आफ्नो सम्पत्ति विवरण बुझाउन सम्बन्धित जनप्रतिनिधिलाई ताकेता गरिएको छ । संघीय मामिला मन्त्रालयको ताकेताले काम नगरेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै निर्देशन जारी गर्नुपरेको हो । यसले जनप्रतिनिधिहरूको पारदर्शिता कस्तो छ भनेर देखाइदिएको छ ।

भ्रष्टाचार निवारण सम्बन्धी ऐनअनुसार सार्वजनिक पद धारण गर्ने व्यक्तिले ६० दिनभित्र सम्पत्ति विवरण पेस गर्नुपर्ने हन्छ । भष्ट्राचार निवाकरण ऐन २०५९ अनुसार निर्वाचित जनप्रतिनिधिले आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल–अचल सम्पत्ति विवरण बुझाउनुपर्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जननिर्वाचित प्रतिनिधिले प्रत्येक आर्थिक वर्ष सकिएको ६० दिनभित्र आफ्नो र परिवारको नाममा रहेको चल–अचल सम्पत्ति तोकेको ढाँचामा बुझाउनुपर्ने व्यवस्था छ । कानुनतः यो बाध्यकारी व्यवस्था हो । तर, यसको पालना नभएपछि अख्तियारले चासो देखाउनुपरेको छ । फेरि पनि सम्पत्ति विवरण बुझाउन अटेर गरे छानबिनमा अगाडि बढ्ने अख्तियारका अधिकारीहरूको तयारी छ ।

महालेखा परीक्षकको कार्यालयको वार्षिक प्रतिवेदनले जनप्रतिनिधिहरूको आर्थिक अपारदर्शिताको विषय उजागर गर्दै आएको छ । स्थानीय तह, प्रदेश र संघीय सरकारको बेरूजुको विषय पनि हरेक वर्ष बढ्दो छ । अख्तियारकै वार्षिक प्रतिवेदनले भ्रष्टाचार स्थानीय तह र वडा तहसम्म पुगेको देखाउँछ । गाउँ–गाउँमा सिंहदरवारको नारा दिएर मुलुक संघीय अभ्यासमा गएसँगै जनताले नजिकै सेवा पाएका छन् । तर, जनतालाई सेवा दिने थलोमा भ्रष्टाचार पनि पुग्दा नागरिकमा निराशा समेत छाएको छ । यही बेला जनप्रतिनिधिहरूले सम्पत्ति विवरण समेत लुकाउँदै आएको बाहिरिँदा जनतामा सही सन्देश प्रवाह भएको छैन । अहिले छले पनि भविष्यमा उत्खनन् हुन सक्ने भएकाले बेलैमा जनप्रतिनिधिहरू पारदर्शी बन्नु स्वयम् व्यक्ति र मुलुककै हित अनुकुल हुने देखिन्छ । यसप्रति सम्बन्धित सरोकारवाला सबै गम्भीर बन्न जरूरी छ ।

# स्थानीय तहमा राजस्वको सन्दर्भ

*आगामी दिनहरूमा स्थानीय सरकारहरूलाई दिइने अनुदानमा कटौती हुने प्रबल सम्भावना छ । जसकारण अनुदानका लागि केन्द्रीय तथा प्रदेश सरकारहरूमा निर्भर हुने स्थानीय सरकारहरूले भविष्यमा आन्तरिक राजस्व वृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ ।*

अग्रलेख



● के.बी. बस्नेत

नेपाल एक अति कम विकसित देश भएकोले यहाँका जनताका आवश्यकता धेरै हुने र वित्तीय स्रोतसाधन कम हुने भएकोले यिनीहरूबिच सन्तुलन कायम गर्न कठिन छ । एकातर्फ यहाँ उपलब्ध स्रोत तथा साधनहरूलाई आजसम्म पनि उपयुक्त किसिमबाट परिचालन गर्न सकिएको छैन भने अर्कोतर्फ आयोजनाहरू छनोट एवम् कार्यान्वयन यथोचित परिपाटीबाट हुन नसकेकोले पूर्व निर्धारित लक्ष्य प्राप्त गर्न नसकिएको कुरा सर्वविदितै छ ।

नेपालका स्थानीय तहहरूमा सेवा प्रवाह गर्न र विकास निर्माण कार्यहरू सञ्चालन गर्न आवश्यक हुने वित्तीय स्रोतसाधनहरूको अभाव नहोस् भनेर यहाँको कानुनमा व्यवस्था गरिएको छ । योबाहेक यहाँका तीनै तहका सरकारहरूको काम, कर्तव्य र अधिकारमा दोहोरोपन नहोस् भनेर यस सम्बन्धमा छुट्टाछुट्टै व्यवस्था गरिएको छ । उक्त तीनै किसिमको सरकारको काम सञ्चालन गर्न आवश्यक वित्तीय स्रोत तथा साधनहरू जुटाउने सम्बन्धमा पनि यहाँको कानुनले नै व्यवस्था गरेको छ ।

जनताको घरदैलोसम्म पुग्ने स्थानीय सरकारहरू हुन् । यिनीहरू आर्थिकरूपले सक्षम छैनन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आय प्राप्त गर्ने सम्बन्धमा विशेष अधिकार प्रदान गरेको छ, जसमा विभिन्न स्थानीय करहरू पर्छन् । स्थानीय कर भन्नाले सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन शुल्क, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दस्तुर, विज्ञापनको, व्यवसायको कर, भूमिका (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, आदि पर्दछन् । यी करहरू उपयुक्त समयमा उठाई सदुपयोग गर्नु प्रत्येक स्थानीय सरकारको कर्तव्य हो ।

स्थानीय सरकारहरूले गर्नुपर्ने काम धेरै छन् । जसका लागि स्रोत तथा साधनहरू सीमित भएकाले विभिन्न संघसंस्थाहरूसँग समन्वय गर्ने काम चुनौतीपूर्ण छ । तर, यसलाई डराएर होइन डटेर सामना गर्नुपर्ने छ । स्थानीय सरकारहरूले उठाउन सक्ने स्थानीय करहरू छँदै छन् । कहिलेकाहीँ उठाएको कर नपुग हुन सक्छ । यस्तो समस्या नआओस् भनेर केन्द्र र प्रदेश सरकारले अनुदान उपलब्ध गराउने व्यवस्था पनि छ । यस्ता अनुदान साधरणतयाः निश्चित कार्यक्रमहरूमा खर्च गर्ने गरी प्रदान गरिन्छ । कुनै आयोजना वा कार्यक्रममा कुल लागतको अनुपातको आधारमा समपूरक अनुदान उपलब्ध गराइएको हुन्छ भने विशेष योजना नै तोकेर दिइने अनुदानलाई विशेष अनुदान भनिन्छ । यसको खर्च कानुनले तोकेबमोजिम गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकारहरू सक्षम हुन सकुन् भनेर कानुनले नै राजस्व लगाउने, उठाउन, असुल गर्न, खर्च गर्न, लेखा परीक्षण गर्न र यसले औँल्याएका बेरुजु फर्छ्यौट गर्न गराउन नसकेको अवस्थामा अनुदान उपलब्ध गराएर भए पनि स्थानीय जनतालाई सके प्रवाह तथा विकास निर्माण कार्यहरू गर्न वित्तीय स्रोतसाधनहरूको अभाव हुन नदिने व्यवस्था पनि छ । तर, यसलाई व्यवहारमा उतार्ने काम जनप्रतिनिधिहरूको हो ।

सधैँ नै केन्द्रीय तथा प्रदेश सरकारहरूले स्थानीय सरकारहरूलाई अनुदान दिन सक्दैनन् । यही कारणले यिनीहरूले आन्तरिक आम्दानी बढाउन उपयुक्त योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ अग्रसर हुनुपर्छ । कोभिड-१९ को विश्वव्यापी महामारी र रुस-युक्रेन युद्धको कारणले आज विश्व अर्थतन्त्र नै खुम्चिएको छ । यसको प्रभाव नेपालमा परेकोले यहाँको राजस्वमा कमी आउनु स्वाभाविक हो ।




अन्तर्राष्ट्रिय जगतमा नै मूल्य वृद्धि भएकोले आयातमा आधारित नेपालको अर्थतन्त्रमा पनि मूल्य वृद्धि भएको छ । जसको कारण यहाँका विपन्न जनता मारमा परेका छन् ।

यहाँबाट निर्यात नगण्य भएको र आयात भने प्रचुर मात्रामा वृद्धि भई व्यापार घाटा चुलिएकोले यहाँको अर्थतन्त्रमा सुधार आउन अझ केही समय पर्खनुपर्ने विज्ञहरूको भनाइ छ । तसर्थ, आगामी दिनहरूमा स्थानीय सरकारहरूलाई दिइने अनुदानमा केही कटौती हुने प्रबल सम्भावना छ । त्यसैले अनुदानका लागि केन्द्रीय तथा प्रदेश सरकारहरूमा निर्भर हुने स्थानीय सरकारहरूले भविष्यमा आन्तरिक राजस्व वृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिन्छ । यसो गर्न सकेमा यिनीहरू आगामी दिनहरूमा आत्मनिर्भर हुनेछन् ।

स्थानीय विकासका लागि राजस्व अभिवृद्धि गर्न नितान्तः आवश्यक छ । परन्तु, खस्किँदै गएको यहाँको अर्थतन्त्रमा राजस्व बढाउन स्थानीय करहरू बढाउन सान्दर्भिक देखिँदैन । बरु यसको सट्टामा सबैलाई करको दायरामा ल्याउने र बक्यौता रकम असुल गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुन धेरै नै जरुरी छ । विकास एक निरन्तर प्रक्रिया हो । जसको लागि राजस्वको महत्वपूर्ण भूमिका हुन्छ । विकास र राजस्व एक आपसमा निर्भर हुन्छन् । किनभने राजस्व नभएमा कुनै पनि क्षेत्रको विकास गर्न सकिँदैन भने विकास नभएमा सरकारले राजस्व प्राप्त गर्न सक्दैन । यी दुवैको उद्देश्य देशलाई सकारात्मक दिशातिर उन्मुख गराएर चौतर्फी विकास गर्नु हो ।

राज्य सञ्चालनमा राजस्वको धेरै आवश्यकता हुन्छ । जुन नभएमा राज्यले जनतालाई न त सेवा सुविधा प्रदान गर्न सक्छ न त विकास निर्माणका काम गर्न नै सक्छ । नेपालले संघीय शासन पद्धति अपनाएको छ । जसअन्तर्गत विभिन्न तहमा सरकार गठन गरिएको छ । नागरिकहरूको घरदैलोमा सेवा उपलब्ध गराउन हाल यहाँ केन्द्र, प्रदेश र स्थानीय सरकार गरी सात सय ५३ वटा सरकार गठन गरिएका छन् । यिनीहरूले गर्नुपर्ने कामका लागि आवश्यक पर्ने वित्तीय स्रोतसाधनहरू ऐन-कानुनबाट निर्धारण गरिएका छन् । संघीय शासन प्रणालीअन्तर्गत विभिन्न तहमा सरकार गठन गरिने हुँदा तल्लो तहसम्म पनि सरकारको उपस्थिति

> *स्थानीय विकासका लागि राजस्व अभिवृद्धि गर्न नितान्तः आवश्यक छ । परन्तु, खस्किँदै गएको यहाँको अर्थतन्त्रमा राजस्व बढाउन स्थानीय करहरू बढाउन सान्दर्भिक देखिँदैन । बरू यसको सट्टा करको दायरामा नआएकालाई दायरामा ल्याउने र बक्यौता रकम असुल गर्नेतर्फ ध्यान जान आवश्यक छ ।*

हुन्छ । त्यसैले स्थानीय जनताका आवश्यकताहरू सहजै पहिचान गर्न सकिन्छ । कानुनतः उक्त सरकारका आयका स्रोतहरूको पनि व्यवस्था गरिएकोले स्थानीय जनताका आवश्यकता परिपूर्ति गर्न कठिन छैन । केबल सम्बन्धित जनप्रतिनिधिहरूको सक्रियताको आवश्यकता छ ।

वर्तमान समयमा सबै तहका सरकारले जनतालाई सेवा सुविधा प्रदान गर्नुको साथै, उनीहरूको जिऊ धनको पनि सुरक्षा गर्नुपर्छ । तर, यो कुरा नौलो होइन किनभने यसका लागि जनताले राजस्व बुझाउँछन् । राजस्वको मूल स्रोत भनेको नेपालको संविधान हो, जुन कानुनको मूल स्रोत भएकोले जुनसुकै सरकारले जति आम्दानी गरे पनि त्यो उक्त संविधानले दिएको अधिकारभित्र रहेर गर्नुपर्छ । प्रत्येक सरकारले करको संवेदनशीलतालाई मध्यनजर गरेर कर लगाउने र उठाउने गर्दछ । जनताले निर्वाचित गरेर पठाएका सांसदहरूले करसम्बन्धी प्रस्ताव पारित गरेपछि मात्र सरकारले कर लगाउन र उठाउन पाउँछ । प्रत्येक सरकारलाई जहिले राजस्वको आवश्यकता पर्छ । त्यसैले यहाँ छरिएर रहेका सबै सरकारले जनताका लागि जनताबाट असुल गरेको राजस्वको अधिकतम सदुपयोग गर्नुपर्छ । यस्तो गर्न सकेमा विकास तीव्र गतिमा हुन्छ ।

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

कतिपय सरकारी मन्त्रालय, संवैधानिक आयोग, विभाग, निकायका प्रवक्ता र सहप्रवक्ता ज्यूहरूले वेभसाइटमा मोबाइल नम्बर नराखेर ल्याण्डलाइन नम्बर मात्रै राख्नुको कारण के होला ? कि बिजुलीको पोलमा चढेर फोन गर्ने विद्युत प्राधिकरणको कर्मचारीले जस्तै ल्याण्डलाइन फोन साथमै बोकेर हिँड्नु हुन्छ ?



**- राधाकृष्ण कटुवाल**

| sn | VEHICLE DETAILS | MODEL Name | MOTOR CAPACITY | MFD COUNTRY | UNIT | MFD YEAR | PRICE PER VEHICEL | SEELING PRICE MRP NRP | REMARKS |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | New Gonow Brand 16 seater passenger Van | EB00 | 100KW | CHINA | 1 | 2024 | 64,00,000.00 | 64,00,000.00 | |

## गरुडा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल

### करारमा नगर प्रहरी पदपुर्तिको लागि दोब्बर दस्तुर बुझाई दरखास्त बुझाउने सम्बन्धी दरखास्त आह्वान सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१।०४।२९)

यस नगरपालिका अन्तर्गत नगर प्रहरीको करारमा पदपुर्ति गर्नु पर्ने भएकोले गरुडा नगरपालिका नगर प्रहरी नियमावली २०८० बमोजिम योग्यता पुगेको ईच्छुक नेपाली नागरिकहरुले देहायको पद र तहमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो विवरण यस नगरपालिकाद्वारा निर्धारित दरखास्त फारममा भरी गरुडा नगरपालिकाको NIC ASIA बैंकमा रहेको आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८ मा राजश्व तिरेको सकल बैंक भौचर सहित यस कार्यालयको प्रशासन शाखामा बुझाउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ भनी मिति २०८१।०४।१४ गते सूचना प्रकाशन गरिएकोमा गरुडा नगरपालिका नगर प्रहरी पदपूर्ति समितिको निर्णयानुसार मिति २०८१।०४।२९ गते देखि ७ (सात) दिनभित्र ईच्छुक योग्य उम्मेदवारहरुले उल्लेखित परीक्षा दस्तुरको दोव्बर दस्तुर बुझाई दरखास्त बुझाउन अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ। यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध गराइनेछ।

देहायः

| सि.नं | विज्ञापन नं. | पद | तह | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | १।०८१।०८२ | नगर प्रहरी प्रमुख (अ.स.ई.) | सहायक स्तर चौथो | १ (एक) | १,०००। |
| २ | २।०८१।०८२ | नगर प्रहरी हवल्दार | सहायक स्तर तेस्रो | महिला १ र पुरुष १ | ५००। |
| ३ | ३।०८१।०८२ | नगर प्रहरी जवान | सहायक स्तर दोस्रो | महिला २ र पुरुष १० | ३००। |

१. **उमेर** : नगर प्रहरी जवानको हकमा १८ वर्ष भई ३५ वर्ष ननाघेको (भु.पु. र महिलाको हकमा ४० वर्ष ननाघेको) तथा नगर प्रहरी प्रमुख (अ.स.ई.) र नगर प्रहरी हवल्दारको हकमा २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. **शारीरिक अवस्था** :

| क.स. | विवरण | योग्यता |
|---|---|---|
| १. | उचाई | पुरुषको हकमा ५ फिट २ ईन्च तथा महिलाको हकमा ५ फिट |
| २. | छातिको चौडाई | ३१ देखि ३३ ईन्च सम्म |
| ३. | तौल | पुरुषको हकमा ५० के.जी.तथा महिलाको हकमा ४५ के.जी. |
| ४. | आँखा | माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको। |

३. **दरखास्त दिने स्थान** : गरुडा नगरपालिकाको कार्यालय गरुडा रौतहट

४. **दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन।

५. **परिक्षाको किसिम** : शारीरिक परिक्षण, विस्तृत स्वास्थ्य परीक्षण, लिखित, अन्तवर्ता।

६. **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नेपाली नागरिकताको प्रमाणपत्र
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र तथा चारित्रिक प्रमाणपत्र
- २ (दुई) प्रति पासपोर्ट साईजको फोटो
- अनुभव खुल्ने प्रमाण पत्र
- प्रहरी रिपोर्ट
- निरोगिताको प्रमाणपत्र

७. (क) **परीक्षा मिति र परीक्षा केन्द्र** : पछि प्रकाशन गरिनेछ।
(ख) **सम्पर्क मिति** : मिति २०८१/०५/०६

८. **सेवा सुविधा** : नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

९. छनौटको किसिम गरुडा नगरपालिका नगर प्रहरी नियमावली २०८० बमोजिम पदपूर्ति समितिले निर्धारण गरेको मापदण्ड एवं कार्यविधि बमोजिम हुनेछ।

१०. **शैक्षिक योग्यता** :
(क) **नगर प्रहरी प्रमुख (अ.स.ई.) पदको लागि** : नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको अ.स.ई. वा सो सरह पदवाट सेवा अवकाश वा उपदान प्राप्त वा सेवाबाट अलग भएको एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको।
(ख) **नगर प्रहरी हवल्दार पदको लागि** : नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाको हवल्दार वा सो सरहको पदबाट अवकाश प्राप्त वा सेवाबाट अलग भएको र कक्षा ८ पास भएको।
(ग) **नगर प्रहरी जवानको लागि** : कक्षा ८ उर्तिण गरेको वा सरह

**मुहम्मद मुस्ताक आलम**
**प्रमुख प्रशासकीय अधिकृत**

## CYPRUS र UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : COSTAS THEODOROU — शहरः LARNACA
पूर्व स्वीकृत मितिः २०८०/०३/०८ — चलानी नं.: ६०२०३५५९ — LT. No.: 288179 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Girls | 0 | 9 | स. काममा दक्ष | 960 | १४०,४६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०+२ पास गरि Fluent English भएको हुनुपर्ने छ। उमेरको हकमा २० देखि ३० वर्ष र अविवाहित हुनुपर्ने छ। उचाई ५ फिट २ इन्च र आकर्षक जिउडाल मिलेको हुनुपर्ने छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ।

कम्पनी : EJADAH ASSET MANAGEMENT GROUP LLC — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०८/१९ — चलानी नं.: ६०२११००६ — L.T. No.: 295962 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 75 | 25 | सम्बन्धित काममा दक्ष | 800 | २९,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Supervisor | 13 | 0 | | 2500 | ९१,२२५ | | | | | | | |
| 3. | Housekeeping Team Leader | 5 | 9 | | 1500 | ५४,७३५ | | | | | | | |
| 4. | Recreation Attendants | 10 | 10 | | 1200 | ४३,७८८ | | | | | | | |

अन्तर्वार्ता एयरपोर्ट होटल, एयरपोर्ट, काठमाडौंमा मिति २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ।

Team Leader र Supervisor को लागि अनिवार्य Gulf Experience भएको हुनुपर्नेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 562/062/063
ROTARY OVERSEAS PVT. LTD.
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982, 9803856062, 9851035262, 9815066489
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## बहराइनमा रोजगार

कम्पनीः BURJ AL TAMEER SCAFFOLDING WLL — शहरः Bahrain
पूर्व स्वीकृत मितिः २०८१/०४/२८ — चलानी नं.: ६०२२३४६३ — LT. No.: 308675

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३५,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | scaffolder | 80 | 0 | | 120 | ४२,६६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Govt. Lic. No. 1174/073/074
Triveni Hr Solution Pvt. Ltd.
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608,01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

## यूएईमा रोजगारको अवसर

कम्पनीः INTERNATIONAL MECHANICAL ELECTRICAL COMPANY — शहरः UAE.dubai
पुर्व स्वीकृत मितिः २०८०/१२/२१ — चलानी नं.: ६०२१७९०७ — LT. No.: 303051 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labouer | 14 | 0 | स. काममा दक्ष | 900 | ३२,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६
श्रम इजाजत नं. १४६९/०७४/०७५
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
Phone No : 9823837020, 9819779867, 9806754558, 9851189627, 9761885190, 9863068268, 9841723745, 9856065197

## QATAR मा रोजगार

कम्पनी : APPPAREL QATAR WLL — शहरः DOHA
पूर्व स्वीकृत मितिः२०८०/०३/२७ — चलानी नं.: ६०२०४५३७ — LT. No.: 289220 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 6 | 1 | सम्बन्धित काममा दक्ष | 1300 | ४७७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee Cook | 0 | 3 | | 1500 | ५५१४० | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 1700 | ६२४९२ | | | | | | | |
| 4. | Gen Clean Worker | 8 | 24 | | 1000 | ३६७६० | | | | | | | |
| 5. | Labourer | 4 | 9 | | 1000 | ३६७६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

VMS
श्रम इजाजत नं. ५२६/०६७/०६८
VASTU MANAGEMENT SERVICE PVT.LTD.
Balkumari, Lalitpur, Nepal, Tel. : 01-5200902/5200306, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

# एएफसी च्यालेन्ज लिगमा चर्च ब्वाइज र पारो भिड्दै

**काठमाडौं/मस–** एएफसी च्यालेन्ज लिगको प्रारम्भिक चरणमा सहिद स्मारक 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र भुटानको लिग च्याम्पियन पारो एफसीबीच मंगलबार प्रतिस्पर्धा हुँदैछ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुने उक्त खेल मंगलबार साँझ ६ बजेदेखि शुरू हुनेछ ।

उक्त खेलका लागि दुवै टोलीले आफू तयार रहेको बताएका छन् । यस खेलको विजेता टोली च्यलेञ्ज लिगको मुख्य चरणमा प्रवेश गर्नेछन् । चर्च ब्वाइजका मुख्य प्रशिक्षक बालगोपाल महर्जनले च्यालेन्ज लिग खेल्नका लागि आफ्नो टोली तयार रहेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । कप्तान अनन्त तामाङले आफ्नो टोली शारीरिक र मानसिक रुपमा तयार रहेको




बताए ।

पारोका प्रशिक्षक पुष्पलाल शर्माले टिमको संयोजन राम्रो रहेको उल्लेख गर्दै खेल रोचक बन्ने उल्लेख गरे । गत वर्ष पनि पारो एफसी कप छनोट खेल खेल्न नेपाल आएको थियो । त्यतिबेला पारो मछिन्द्र क्लबसँग पारजित भएको थियो ।

चर्च ब्वाइजले यही प्रतियोगिताका लागि भनेर जाम्बियाका पिटर बान्दा, घानाका मोसेस ग्याबा र नाइजेरियाका ओमोलाजा करिमलाई विदेशी खेलाडीको कोटामा अनुबन्ध गरेको छ । यी खेलाडी चर्च ब्वाइजमा ढिला अनुबन्ध भएका हुन् । तर चर्च ब्वाइजसँग नेपाली राष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडीको एक दस्ता नै छ ।

नेपाली टोलीको प्रतिनिधित्व गर्दै १३ अन्तर्राष्ट्रिय गोल गरिसकेको अञ्जन विष्टलाई टोलीमा निरन्तरता दिएको छ । उनीबाहेक डिफेन्डर अनन्त तामाङ, मिडफिल्डरद्वय एरिक विष्ट तथा मिडफिल्डर लाकेन लिम्बू, विंगर आयुष घलान, गोलरक्षक दीप कार्की र फरवार्ड सञ्जीव विष्टलाई चर्च ब्वाइजले अनुबन्ध गरेको छ ।

# भलिबल खेलाडी कवितालाई समाजसेवी मल्लले ५० हजार दिने

**काठमाडौं/मस–** डडेलधुराका विनय प्रकाश मल्लले राष्ट्रिय महिला भलिबल टोलीकी सदस्य कविता भट्टलाई ५० हजार रुपैयाँ सम्मान स्वरुप प्रदान गर्ने भएका छन् । मल्लको जन्मघर डडेल्धुरा भए पनि उनी हाल जापानमा बस्दै आएका छन् ।

डडेल्धुरा स्थायी घर भएका समाजसेवी मल्लले सामाजिक सञ्जालमार्फत डडेल्धुरा गन्यापधुरा गाउँपालिका वडा नं. १ निवासी राष्ट्रिय भलिबल खेलाडी कवितालाई सम्मान



स्वरुप ५० हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरेका हुन् ।

भलिबलमार्फत डडेल्धुराको नाम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म चिनाउन अहम् भूमिका निभाएको बताउँदै उनले कविताप्रति आभार प्रकट गरेका छन् । १९औं एसियन गेममा पनि सहभागी भइसकेकी कविता हालैमात्र काठमाडौंमा सम्पन्न काभा महिला भलिबल लिगमा पनि सहभागी भएकी थिइन् । उक्त प्रतियोगितामा नेपाल फाइनलमा भारतसँग पराजित हुँदै उपविजेतामा सीमित भएको थियो ।

# त्रिवि क्रिकेट रंगशाला स्तरोन्नतिबारे सम्बद्ध निकायबीच सहकार्य



**कीर्तिपुर/मस–** त्रिभुवन विश्वविद्यालय परिसरस्थित क्रिकेट रंगशालालाई अन्तर्राष्ट्रिय स्तरको निर्माण गर्नेबारे सम्बद्ध सरकारी निकायहरुले सहकार्य शुरू गरेका छन् ।

रंगशालाको स्तरोन्नतिको काम अघि बढाउन आइतबार सम्बद्ध मन्त्रालयहरू, त्रिवि र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिबीच छलफल भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंक घिसिङले जानकारी दिए । छलफलमा आवश्यक नीतिगत र भौतिक काममा समन्वय गर्ने सहमति भएको छ ।

नवगठित सरकारको पहिलो निर्णयका रुपमा मन्त्रिपरिषद्ले गत असार १३ गते आगामी तीन सय दिनभित्र त्रिवि क्रिकेट मैदानलाई सुविधासम्पन्न अन्तरर्ाष्ट्रियस्तरको रंगशाला बनाउने निर्णय गरेको थियो । क्रिकेट मैदानमा प्यारापिट, रात्रिकालीन खेलका लागि फ्लडलाइट निर्माण गर्नेलगायत आवश्यक संरचना बनाउने निर्णयमा उल्लेख छ । 'सो निर्णयअनुसारका संरचना निर्माण गर्न त्रिवि, राखेप र शिक्षा, अर्थ तथा सहरी विकास मन्त्रालयबीच समन्वय गर्नुपर्ने भएकाले संयुक्त बैठक गरेर अघि बढेका हौं,' सदस्यसचिव घिसिङले भने ।

उनका अनुसार रंगशालामा फ्लडलाइट निर्माण गर्न यस अघि 'टेन्डर' गर्ने निर्णय भएको थियो । सो टेन्डरबारे सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन परेका कारण प्रक्रिया स्थगित भएको हो । उक्त समितिबाट निर्णय आएपछि काम अघि बढ्ने उनले बताए । यसैगरी, प्यारापिट निर्माण गर्न गुरुयोजना तयार भए पनि ठूलै बजेट आवश्यक भएकाले सहरी विकासमार्फत योजना सञ्चालन गर्ने तयारी छ ।

रंगशालाको स्तरीकरणका लागि त्रिभुवन विश्वविद्यालय र नेपाल क्रिकेट एसोसिएसन क्यानबीचको जग्गा भाडा सम्झौतासमेत नवीकरण गर्नुपर्ने अवस्थामा रहेको सदस्यसचिव घिसिङको भनाइ छ । त्रिविको आन्तरिक रंगशालाका रुपमा रहेको उक्त मैदान २०५२ सालमा २५ वर्षका लागि क्यानले भाडामा लिएको थियो । त्यसको नवीकरण र अब बन्ने संरचनाका लागि त्रिविको सहमति आवश्यक हुने उनले बताए ।

बैठकमा सहभागी त्रिवि रजिष्ट्रार प्राडा केदारप्रसाद रिजालले संरचना निर्माणका लागि त्रिविले गनुपर्ने नीतिगत एवम् व्यावहारिक निर्णयहरु शिक्षा मन्त्रालयबाट भएको पत्राचारका आधारमा गर्ने जानकारी दिए । त्रिविको जग्गा भाडासम्बन्धी विषय त्रिवि सभाले निर्णय गर्नुपर्ने बताउँदै उनले हाल त्रिविको जग्गाको उपयोग सम्बन्धमा प्रश्न उठिरहेकाले जग्गासम्बन्धी विषय संवेदनशील भएको उल्लेख गरे ।

क्यानका सचिव एवम् पूर्वराष्ट्रिय कप्तान पारस खड्काले प्रधानमन्त्रीको निर्देशनसहित राज्यकै उच्च प्राथमिकतामा परेका कारण यसपटक क्रिकेट रंगशाला अन्तरर्ाष्ट्रिय स्तरको बन्नेमा आफू आशावादी रहेको बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०६/१६ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **३२०८८४** को **सफ्ट टेक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/२८ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/०९ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२४३०१६** को **प्राइम डोको प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२८ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**प्राविधिक प्रस्ताव छनौट सम्बन्धि सूचना**

प्रकाशित मिति :२०८१/०४/२९

उपरोक्त विषयमा यस नगरपालिका अन्तर्गत तपशिलको आयोजनाको लागि www.bolpatra.gov.np को Egp system मा Submission भएका निम्नानुसार बोलपत्रहरुको प्राविधिक प्रस्तावहरुको मुल्यांकन हुँदा तपशिल अनुसारका बोलपत्र सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१ ङ ४ र ५ बमोजिम सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना प्रकाशित मिति | आयोजनाको नाम | ठेक्का संकेत नं. | सारभुतरुपमा प्रभावग्राही तथा योग्यताका सबै आधारमा सफल वोलपत्रदाता |
|---|---|---|---|
| २०८१/०२/१७ मध्यान्ह दैनिक | *Construction of Black Top Road Calcutta Graveyard to Mahakhali Sugar Mill Belauri-10 Kanchanpur* | *IFB No.: BELMUN/NCB/W/080/081-17* | 1) M/s Adventure-Jagadamba-Malla J/V<br>2) M/s Yadav-Saraswati-B.P. Joint Venture<br>3) M/S Shivling/Khaptad/Shiv Shankar J.V<br>4) M/S Amrit construction<br>5) M/S B.I.S CONSTRUCTION PVT.LTD<br>6) M/S J.B/G &J Joint Venture<br>7) M/S Kailash-Nagarjun JV<br>8) M/S LALIGURANS -TB JV<br>9) M/S Mahakali Gaurav/ MB /Nagarjun JV<br>10) M/S Mahara-Daut-API JV<br>11) M/S Minu-Shreepur J/V |



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : 2Point LLC — शहर: Qatar,Doha
पूर्व स्वीकृत मितिः २०७९/०७/१७ — चलानी नं.: ६०१९०४६३ — LT. No.: 274844 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 0 | 2 | स. काममा दक्ष | 1200 | ४४,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

हेराल्ड ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४५७५३३९, ४५६८६९७, ४५७६६०३

## साईप्रसमा रोजगारको अवसर
कम्पनी: MAVROMATIS EMPLOYMENT BUREAU LTD — शहर : Cyprus,Larnaca
पूर्व स्वीकृत मितिः२०८०/१२/०६ — चलानी नं.: ६०२१९६६३ — LT. No.:301883 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 17 | स. काममा दक्ष | 400 | ५८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.
इजाजत नं. ९२७/०६७/०६८
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोनः 01-5100754
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com

## साउदीमा रोजगार
कम्पनी: KALPATARU PROJECTS INTERNATIONAL LIMITED — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०४/२४ — चलानी नं.: ६०२२३२८८ — L.T. No.: 308618

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker/General Worker | 255 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

Lulu International Pvt. Ltd.
Govt. Lic. No. 1035/072/073
Samakhushi-29, Kathmandu, Tel: 01-4387319, 4351637
Mob.: 9851083549, 9841301232, 9818065184

## साउदीमा रोजगारको अवसर
कम्पनी: AL OTHMAN AGRICULTURAL PRODUCTION AND PROCESSING COMPANY (NADA) — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८०/१०/०३ — चलानी नं.: ६०२१३१४२ — LT. No.: 298107 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pickup Truck Driver | 9 | 0 | | 1800 | ६४,३३२ | | | | | | | |
| 3. | Packing The Shelves Worker | 11 | 0 | | 1000 | ३५,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८१ भदौ ५ र ६ गते (21 & 22 August 2024) मा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५४२०५६२ ५४५५१८० ५४५०६३४ ५४५५१४४.
Email- info@merocvs.com / info@luckyhrsolution.com

## साउदीमा रोजगार
कम्पनी: DELICIOUS FAST FOOD RESTAURANT COMPANY — शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२८ — चलानी नं.: ६०२२३४५७ — L.T. No.: 308720

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 24 | 0 | स. काममा दक्ष | 2000 | ७१,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

Synnet International Pvt.ltd.
Kupondol-10, Lalitpur, Tel: 01-5545018 — Gov. Lic No. 206/057/058

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: MUEEN HUMAN RESOURCES COMPANY-SAUDI CLOSED JOINT STOCK — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२७ — चलानी नं.: ६०२२३४६१ — LT. No.:308746

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

## कुवेतमा रोजगारको अवसर
कम्पनी : WARBA CARPENTRY FACTORY — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०२/२२ — चलानी नं.: ६०२२०६७५ — L.T. No.:305779 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter/ Helper/ Labor | 37 | 0 | स. काममा दक्ष | 120 | ५२,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

R.B. OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com
ISO 9001:2015

## कतारमा रोजगार
कम्पनी : AL SIYADAH TRADING CLEANING AND HOSPITALITY — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०२/१३ — चलानी नं.: ६०२०२१०५ — LT. No.: 286722 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Supervisor | 1 | 0 | स. काममा दक्ष | 3500 | १२८६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ४ गते (20 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७
९८१८०४७४४३, ९८५१०२३५९४, ९८५११२७०६३, ९८५११८६१२५, ९८५१०१२१०२
E-mail: threebrothershrrec@gmail.com
Itahari Branch Contact: 9800927950

# नवीकरण नहुँदा क्रसर उद्योगको लगानी जोखिममा

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २८ साउन।



नवीकरण नहुँदा अर्बौं लगानी भएको क्रसर उद्योग समस्यामा परेको उद्योगीहरुले बताएका छन्। नेपाल क्रसर तथा खानी उद्योग व्यावसायी महासंघका प्रतिनिधिले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष सोमबार भेटेर सो क्षेत्रमा भएको चार अर्ब लगानी डुब्ने अवस्थामा रहेको बताएका हुन्। व्यवसायीले विगतमा दर्ता भएका उद्योगलाई कर दस्तुर लिइ पुरानै मापदण्डका आधारमा नवीकरण गराउन र व्यवहारिक एवं नयाँ मापदण्ड ल्याउन माग गरेका हुन्। महासंघका अध्यक्ष सीताराम न्यौपाने नेपालको प्रमुख कच्चापदार्थको स्रोतको रुपमा नदीजन्य पदार्थ प्रसोधन गर्ने उद्योग समस्यामा रहेको बताए। उनले भने 'क्रसर व्यवसायको समस्यालाई समाधान गर्ने भन्दा पनि विभिन्न बाहनामा अड्काउने काम भएको छ, क्रसरको समस्याको विषयमा राज्यले ध्यान नदिँदा समस्या झन् थपिँदै गएको छ, २०७१ सालदेखि क्रसर व्यवसायीको नवीकरण भएको छैन जसले गर्दा अवैध कारोबार बढ्ने र वैध कारोबार गर्ने पलायन हुने अवस्था रहेको छ।'

क्रसर तथा खानी उद्योग व्यवसायी महासंघका प्रतिनिधिले सोमबार प्रधानमन्त्रीसँग आधिकारिक दर्ता भएका सात सय क्रसर तथा बालुवा उद्योगहरुलाई विगतकै मापदण्डका आधारमा नवीकरण गराउन माग गरेका छन्। वातावरणसम्बन्धी मापदण्ड, २०५४ र उद्योगका लागि दूरीसम्बन्धी मापदण्ड, २०७१ का आधारमा ती उद्योग सञ्चालन भएकामा २०७७ सालमा संशोधित मापदण्डले नवीकरणमा कठिनाइ भएको महासंघको भनाइ छ।

व्यवसायीहरुले नदीजन्य पदार्थ अहिले वर्षामा बगेर भारत गइरहको भएपनि राज्यले व्यवस्थापनमा ध्यान नदिँदा खर्बौंको राजस्व समेत गुमेको बताउँछन्। स्वदेशी कच्चापदार्थ प्रयोग गर्ने उद्योगलाई प्रति सरकारले ध्यान नदिँदा क्रसर उद्योगमा भएको लगानी जोखिममा रहेको उनीहरुको भनाइ छ। सरकारले स्वदेशी कच्चापदार्थमा आधारित भएर सञ्चालित उद्योगलाई राष्ट्रिय महत्वको उद्योग घोषणा गर्नुपर्ने अध्यक्ष न्यौपानेको भनाइ छ। कच्चापदार्थ उत्खनन्लाई हाउगुजी बनाईको कारण नदीजन्य र खानीजन्य स्रोतको सदुपयोगमै समस्या देखिएको व्यवसायीको भनाइ छ।

# हिमालय एयरलाइन्सले भदौ ४ देखि कुवेतमा उडान पुनः सुचारु गर्ने




**काठमाडौं/मस** – नेपालको एक मात्र निजी अन्तर्राष्ट्रिय एयरलाइन्स्, हिमालय एयरलाइन्सले आउँदो भदौ ४ देखि कुवेतमा आफ्नो सीधा उडान पुनः शुरु गर्ने भएको छ। यात्रुहरुको आवश्यकता पूरा गर्ने हाम्रो प्रतिबद्धतालाई देखाउँदै कुवेतमा कार्यरत र बसोबास गर्ने नेपालीहरुको मागलाई सम्बोधन गर्दै हिमालय एयरलाइन्सले आफ्नो सीधा उडान पुनः सञ्चालन गर्न लागेको जनाएको छ। यसैगरी, काठमाडौं-कुवेत-काठमाडौंमा पुनः सुरु गरिएको यस उडानले हाम्रो एयरलाइन्सको दुई राष्ट्रका नागरिक-नागरिक बीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्धन गर्ने उद्देश्यलाई प्रोत्साहन गर्दछ।

सेवा र ग्राहक अनुभवलाई अझ सुदृढ बनाउनका लागि, हामीले कुवेतका लागि जनरल सेल्स एजेन्ट पार्टनरको रुपमा सिजर्स ट्राभल ग्रुपलाई नियुक्त गरेको छ। सुरुवातमा, काठमाडौं-कुवेत-काठमाडौं हवाई मार्गमा हप्तामा एक उडान सञ्चालन गरेर र थप मागको आधारमा उडानहरु थप्ने योजना बनाएको छ।

# हुन्डाईको टेस्ट ड्राइभ एन्ड विन क्याम्पेनमा हात खाली नहुने उपहार




**काठमाडौं/मस** – हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टलले 'हुन्डाइ टेस्ट ड्राइभ एन्ड' क्याम्पेन ल्याएको छ। जस अन्तर्गत ग्राहकहरुले हुन्डाईको नेपालभरी रहेका कुनै पनि सोरुममा गई हुन्डाई गाडीको लाइनअप मध्यबाट भर्खरै लन्च गरिएको नयाँ हुन्डाई क्रेटा र मेड इन नेपाल हुन्डाई भेन्यु टेस्ट ड्राइभ गर्न सक्नेछन्। प्रत्येक टेस्ट ड्राइभमा सहभागीहरुलाई हात खाली नहुने गरी आकर्षक उपहारहरु राखिएको कम्पनीले जनाएको छ। जसबाट साप्ताहिक विजेताहरुले माइक्रोवेभ ओभन र बम्पर बिजेताले रेफ्रिजरेटर प्राप्त गर्नेछन्।

यो क्याम्पेन दुई साता चल्ने कम्पनीले जानकारी दिएको छ।

नयाँ हुन्डाई क्रेटा हालै अगस्त ६ मा सार्वजनिक गरिएको थियो। लक्ष्मी हुन्डाईले नेपालमा २०१५ देखि क्रेटा बिक्री गर्न सुरु गरेको थियो। यसको आकर्षक डिजाइन, उत्कृष्ट प्रदर्शन, सबै प्रकारका भूभागमा सहज चल्न सक्ने क्षमता, प्राय हरेक उमेरका ग्राहकवर्गलाई सुहाउने भएकोले धेरै को रोजाइ र यात्रा को साथी बन्न मिड साइज एसयूभी सेगमेन्टमा क्रेटा सफल हुँदै एसयूभी सेगमेन्टमा आफ्नो प्रभावकारी स्थान बनाउन सफल भएको कम्पनीले जनाएको छ। प्रारम्भिक मूल्य ५५ लाख ९६ हजार रुपैयाँ पर्ने नयाँ क्रेटा विभिन्न भेरियन्टहरुमा उपलब्ध छ भने यसमा ६ वर्षको निःशुल्क सर्भिसिङ र ३ वर्षको वारेन्टी पाइने कम्पनीको भनाइ छ।

त्यसैगरी, लक्ष्मी इन्टरकन्टिनेन्टलको भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेसनमार्फत् नेपालमै निर्माण गरिएको मेड इन नेपाल भेन्युको पहिलो रोलआउट मे १०, २०२४ मा भएको थियो। मेड इन नेपाल हुन्डाई भेन्यु १.२ (एस) को मूल्य ४४ लाख ९६ हजार र भेन्यु १.२ (एसएक्स) को मूल्य ५३ लाख ५६ हजार कायम गरिएको छ। मेड इन नेपाल हुन्डाई भेन्यु मा १० वर्षको निःशुल्क सर्भिसिङ र ३ वर्षको वारेन्टी पाइन्छ। साउन २८ गतेदेखी शुरु हुने यस क्याम्पेनमा नेपालभरका इच्छुक ग्राहकले आफ्नो ड्राइभिङ लाइसेन्स लिएर आधिकारिक हुन्डाई सोरुममा गई सहभागी हुन सक्नेछन्। यो क्याम्पेनको विजेताको घोषणा साप्तहिकरुपमा लक्की ड्र मार्फत् छनोट गरिनेछ जुन कम्पनीको फेसबुक पेजमार्फत् जानकारी हुनेछ।

# सुमेरु सहकारीको स्वामित्व लिएर नयाँ समूह आएको राजबहादुरको खुलासा



**काठमाडौं/मस** – सहकारी संस्था बचत दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले पूर्वराजा ज्ञानेन्द्र शाहका ज्वाइँ राजबहादुर सिंहसँग बयान लिएको छ। ललितपुर पुल्चोकको सुमेरु बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताको रकम ठगीबारे समितिले सोमबार सिंहलाई सिंहदरबार बोलाएर बयान लिएको थियो। बयानका क्रममा सिंहले उक्त सहकारीको स्वामित्व लिएर आफूले बचतकर्ताको रकम फिर्ताको तयारी थालेको बताए। 'मेरो निजी सम्पत्तिबाट बचतकर्ताको रकम फिर्ताको व्यवस्था थालनी गर्न लागेको छु,' उनले समितिसमक्ष भने। समितिका सभापति सूर्य थापाकाअनुसार सिंहले आफ्नो निजी सम्पत्तिबाट बचतकर्ताको रकम फिर्ताको व्यवस्था थालनी गर्न लागेको बताए।

'विश्वासको वातावरण सिर्जना गरेर सहकारी संस्थाको पुनः सञ्चालन गर्ने योजनाका साथ नयाँ सञ्चालक समूह आएको उहाँले जानकारी गराउनु भएको छ,' थापाले मध्यान्हसँग भने, सिंह सोही सहकारी संस्थाका सेयर सदस्यसमेत हुन्।' सुमेरु सहकारी ललितपुरका भरत महर्जन तथा उनको परिवारले डुबाएका थिए। सहकारी डुबाएर महर्जन परिवारै बेलायततर्फ फरार छन्। सिंह एक महिनायता उक्त सहकारीसहित बढे-बढाइएको सम्पत्तिको स्वामित्व आफैं लिनेगरी निक्षेप फिर्ताको पहलमा जुटेका थिए।

सुमेरु सहकारीको ठगी सम्बन्धी प्रकरणको अनुसन्धान नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले गरिरहेको छ। सिंह पुल्चोकस्थित सुमेरु सहकारीका साथै छोरा सचिन महर्जनले सञ्चालन गरेको कालिमाटीस्थित सुमेरु सहकारीका बचतकर्ताको निक्षेप फिर्ता गर्ने भन्दै सक्रिय छन्। ब्युरोका एक अधिकृतकाअनुसार सुमेरुमा वीरेन्द्र महर्जनको नेतृत्वमा नयाँ कार्यसमिति गठन भएको बुझिएको छ। तर, यसको औपचारिक तथा कानुनी कागजात लिएर सिंह ब्यूरोमा पुगेका भने छैनन्।

महर्जनको नेतृत्वमा नयाँ कार्यसमिति गठन भए पनि सिंह 'पर्दा पछाडि' रहेको दाबी स्रोतले गरेको छ। सिंहका कानून व्यवसायी बलराम सुवेदी सुमेरु सहकारीको डुबेको बचत फिर्ताको प्रस्ताव लिएर एक महिनाअघि ब्यूरोमा पुगेका थिए। ब्यूरोका अधिकृतहरुका अनुसार पुल्चोकको सहकारीको मात्रै साढे सात अर्ब अपचलनको जाहेरी ब्यूरोमा परेको छ। सो सहकारीका कोही पनि पक्राउ परेका छैनन्। प्रमुख सञ्चालक भरत महर्जनविरूद्ध पक्राउ पूर्जी साथै नेपाल प्रहरीले इन्टरपोलमार्फत खोजीका लागि 'रेड नोटिस' जारी गरेको छ।

कालिमाटीको सहकारीबाट १५ करोड रुपैयाँ अपचलन भएको जाहेरी ब्यूरोमा परेको छ। त्यहाँका दुई जना सञ्चालक सदस्य पक्राउ परेका छन्। पुल्चोकको सुमेरु सहकारी बागमती प्रदेश सहकारी रजिष्टारको कार्यालयमा दर्ता छ भने कालिमाटीको सुमेरु काठमाडौं महानगरपालिकामा दर्ता छ।

भरतले स्थापना गरेको पुल्चोकको सुमेरु सहकारीको हालको अध्यक्ष उनकी श्रीमती राजमाया महर्जन छिन्। कालिमाटीको सहकारीको अध्यक्ष छोरा सचिन महर्जन छन्। यी दुबै सहकारीमा महर्जन परिवारका नातागोता मुख्य हर्ताकर्ता रहेका छन्। पुल्चोकको सुमेरुको धापाखेल र गट्ठाघरमा शाखा छ। उक्त सहकारीको धापाखेलमा सुमेरु अस्पताल, पुल्चोकमा सुमेरु सिटी अस्पताल, सातदोबाटोमा एसियन कलेज, शंकरापुर एकेडेमी छन्। सुमेरु ग्रुपका नाममा हाउजिङ, मार्ट, मनी एक्सचेन्ज, टुर एण्ड ट्राभल्सलगायत डेढ एक दर्जन कम्पनी रहेका छन्। महर्जनले २०५७ सालबाट ललितपुरको पुल्चोकमा कार्यालय राखेर सुमेरु सहकारी शुरु गरेका थिए।

महर्जनले २०६८ मा धापाखेलमा ३०० शय्याको सुमेरु सामुदायिक अस्पताल स्थापना गरेका थिए। उनले २०६९ सालमा पुल्चोकमै १०० शय्याको सुमेरु सिटी अस्पताल खोलेका थिए।

उनले सुमेरु मेडिकल कलेज, एसियन कलेज अफ एडभान्स्ड स्टडिज, शंकरापुर एकेडेमी, रिसोर्ट, कृषि फार्मलगायत काठमाडौं उपत्यकाका साथै बाहिरका जिल्लामा जग्गा खरिद गरेका थिए। कालिमाटीको सुमेरु सहकारीका ५८ निवेदकमध्ये जनामध्ये २६ जनाले बचत फिर्ता भए मिलापत्र गरिदिन भनी ब्यूरोमा निवेदन दिएको प्रवक्ता प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताए। 'सबै बचतकर्ताले निवेदन दिए भने र उनीहरूको निक्षेप फिर्ता भएको खण्डमा सरकारी वकिलको कार्यालयमा मिलापत्र गराउन सकिन्छ,' उनले भने। बचत फिर्ता गरेको खण्डमा मुद्दाबाट पार पाइने हुनाले महर्जन परिवारले नयाँ रणनीतिका रुपमा राजबहादुरलाई अघि सारेको हुनसक्ने आशंका गरिएको छ। यसबारे राजबहादुर र उनका कानून व्यवसायीले प्रतिक्रिया दिएका छैनन्।

## आइएमई लाइफको सीईओमा पुनः फुँयाल नियुक्त



**काठमाडौं/मस** – आई.एम.ई.लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कवि फुँयाल दोस्रो कार्यकालका लागि पुनः नियुक्त भएका छन्। कम्पनीको सञ्चालक समितिको कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयालको दोस्रो कार्यकालका लागि निर्णय गरेको थियो।

उक्त निर्णय स्वीकृतिका लागि बीमा प्राधिकरणमा पेश भएकोमा प्राधिकरणबाट सोमबार पुनः दोस्रो कार्यकालको पदभार सम्हाल्ने गरी स्वीकृति दिएको हो।

## सानिमा बैंकका ग्राहकलाई बुद्ध एयरमा विशेष छुट

**काठमाडौं/मस** – सानिमा बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न बुद्ध एयरमा विशेष छुटको व्यवस्था गरेको छ। सानिमा बैंकको भिसा डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरुले डिजिटल भुक्तानी गर्दा बुद्ध एयरको टिकटमा ८ प्रतिशतको छुट प्राप्त गर्न सक्नेछन्। छुटका लागि ग्राहकहरुले बुद्ध एयरको कार्यालय (सिटी सेल्स अफिस) वा एयरपोर्टको काउन्टबाट भुक्तानी गर्नुपर्नेछ। बैंकले यसैगरी ग्राहकहरुलाई विभिन्न छुट तथा अफरहरु प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्दै आईरहेको जनाएको छ। छुटको विस्तृत विवरण बैंकको वेबसाईट उपलब्ध रहेको बैंकले जनाएको छ।

## महालक्ष्मी विकास बैंक र अरेत इन्टरनेशनलबीच समझदारी



**काठमाडौं/मस** – महालक्ष्मी विकास बैंक र अरेत इन्टरनेशलबीच सवारी साधन कर्जाको विषयमा समझदारी भएको छ। बैंकमार्फत् टेस्ला, अडी तथा पोर्श जस्ता लक्जरी ब्रान्डका गाडी खरिदको लागि ९.९९ प्रतिशतमै कर्जा प्रदान गर्ने समझदारी पत्रमा बैंक र नेपालका लागि टेस्ला, अडी तथा पोर्श गाडीको आधिकारिक आयातकर्ता/डिलर अरेत ईन्टरनेशनलबीच समझदारी भएको हो।

सम्झौताअनुसार टेस्ला, अडी तथापोर्श जस्ता लक्जरी ब्रान्डका गाडी खरिद गर्न इच्छुक ग्राहकहरुले महालक्ष्मी विकास बैंकमा ९.९९ प्रतिशतमै कर्जा पाउनेछन्। विद्युतीय गाडीको हकमा अधिकतम ५ वर्ष अवधी रहने गरी भ्याट बिल वा कोटेशन मूल्यको ८० प्रतिशत, जुन कम हुन्छ, सो बराबरको कर्जा र विद्युतीय बाहेकको अन्य गाडीमा अधिकतम ८ वर्ष अवधी रहने गरी भ्याट बिल वा कोटेशन मूल्यको ५० प्रतिशत जुन कम हुन्छ, सो बराबरको कर्जा बैंकले प्रदान गर्नेछ। कर्जा लिन चाहने ग्राहकहरुले बैंकको आधिकारिक वेबसाइट, सामाजिक सञ्जालहरु, सम्पुर्ण शाखा कार्यालयहरु तथा पत्रपत्रिकामा रहेको क्यूआर कोड स्क्यान गरेर समेत आवेदन दिन सक्ने जनाइएको छ।

## समृद्धि फाइनान्सको बनेपा शाखाद्वारा वृक्षारोपण



**काठमाडौं/मस** – समृद्धि फाइनान्सको बनेपा शाखाले वृक्षारोपण कार्यक्रम गरेको छ। उक्त कार्यक्रम इलाका प्रहरी कार्यालय बनेपा परिसरमा विभिन्न फलफूलका बोट लगाएको हो। श्रावण पहिलो साताबाट शुरु भएको वृक्षारोपण कार्यक्रम नारायणगढ, औरही र इटहरी शाखाबाट सम्पन्न भैसकेको र श्रावण महिनाभित्र फाईनान्सका अन्य शाखाहरुबाट पनि सम्पन्न गर्ने तय भएको संस्थाले जनाएको छ।

समृद्धि फाइनान्सले हाल तेह्रवटा शाखाहरुमार्फत् नगद कारोवार, आरटिजिएस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ लगायतका बैंकिङ सेवाप्रदान गर्दै आएको छ भने मोवाइल बैंकिङ, डेबीट कार्ड, क्यूआर कोड आदि डिजिटल सुविधाहरु निःशूल्क प्रदान गरिरहेको छ।

## नबिल बैंकको नबिल एसएसई फेलोसिपमा आवेदन खुला




**काठमाडौं/मस** – नबिल बैंकले नबिल स्कुल अफ सोसिएल इन्टरप्रेनरसिप फेलोसिप कार्यक्रम-२०२४ का लागि आवेदन खुला गरेको छ। तेस्रो ब्याचको सफलतापछि बैंकले चौथो ब्याचको कार्यक्रमका लागि आवेदन माग गरेको जनाएको छ। सामाजिक परिवर्तनका लागि नवीनतम सोच भएका १८ वर्षभन्दा माथिका नेपाली नागरिकले १४ भदौसम्म आवेदन दिन सक्नेछन्।

बैंकले कृषि, पर्यटन, ऊर्जा, वातावरण संरक्षण, र सूचना प्रविधि लगायत कुनै पनि क्षेत्रमा नवीनतम सोच भएका र उद्यम गर्न चाहिने सिप तथा तालिमको खोजीमा रहेका उद्यमीलाई निःशुल्क तालिमका लागि आवेदन खुला गरेको हो। इच्छुक व्यक्तिहरुले बैंकको आधिकारिक वेबसाइटमा उपलब्ध फारम भरेर वा क्यूआर कोड स्क्यान गरेर आवेदन दिन सक्ने छन्। यो कार्यक्रम बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सञ्चालन भइरहेको छ।

यो कार्यक्रम नबिल बैंक र त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायअन्तर्गतको स्कुल अफ म्यानेजमेन्टको सहकार्यमा ६ महिनासम्म चल्ने जनाइएको छ। आवासीय र प्रयोगात्मक ढाँचामा सञ्चालन हुने सो कार्यक्रममा सहभागीहरुले सामाजिक उद्यमको सम्पूर्ण व्यावसायिक चक्रमा आवश्यक तालिम प्राप्त गर्नेछन्। तालिमपछि सहभागीहरुले आफ्नो उद्यमको प्रकृतिअनुसार विज्ञहरुको सहयोगमा व्यावहारिक चुनौतीहरुको समाधानका लागि आवश्यक सहयोग प्राप्त गर्नेछन्। यसले दीर्घकालीन सफलता प्राप्त गर्न मद्दत गर्ने बैंकले विश्वास लिएको छ।

हालसम्म नबिल एसएसई अन्तर्गत ५६ जना सामाजिक उद्यमीले तालिम प्राप्त गरी ८० प्रतिशतले उद्यम स्थापना गरेका छन् भने ११ सय ८४ रोजगारीका अवसरहरु सिर्जना भएका छन्। सो कार्यक्रमका सहभागी फेलोहरुले स्थापना गरेका उद्यमले स्थानीय स्तरमा उपलब्ध स्रोत-साधनहरुको दिगो उपयोग गरी रोजगारी सिर्जना गर्नुका साथै स्थानीय अर्थतन्त्र बलियो बनाउन समेत मद्दत गरेको बैंकले जनाएको छ।


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**